यो ठाउँ नियमित
विज्ञापनका लागि
खाली छ ।
सम्पर्क : ०६१-५३९४५५

राष्ट्रिय दैनिक

# गोल्डेन न्यूज

Golden News National Daily

वर्ष ९ अंक ५४ श्रेणी 'क' २०७३ मंसिर ७ गते मंगलबार 22 Nov. 2016 पृष्ठ ४ मूल्य रू. ५/-

यो ठाउँ नियमित
विज्ञापनका लागि
खाली छ ।
सम्पर्क : ०६१-५३९४५५

### जलवायु परिवर्तनको असर

## चाँदीका हिमाल कालापत्थर बन्दै

**वासुदेव पौडेल**
**पोखरा ६ मंसिर ।**

पछिल्ला वर्षमा बढिरहेको जलवायु परिवर्तनको असरका कारण चाँदी जस्तै टलक्क टल्केका हिमाल कालापत्थरमा परिणत भएका छन् । जलवायु परिवर्तनको प्रमुख असर हिमाली शृङ्खलामा पर्ने गरेका कारण त्यसको प्रत्यक्ष मारमा नेपालका हिमाल बर्सेनि पर्दै गएका हुन् । जलवायु परिवर्तनसँगै हिमालमा हिउँ पग्लन थालेको छ भने हिउँ पर्ने क्षेत्रमा हिउँको साटो पानी पर्न थालेको छ । जलवायु परिवर्तनको असरसँगै हिमालपारिको जिल्ला मुस्ताङको उपल्लो भागस्थित एक बस्ती पानीको चर्को अभावसँगै सार्नुपरेको छ भने विगतमा हिउँले ढाकिने धेरै भूभाग कालापत्थरमा परिणत भएका छन् । मुस्ताङको उपल्लो भागमा विगतमा हिउँ पर्याप्त पर्ने गरे पनि पछिल्लो समयमा निकै कम पर्ने गरेको स्थानीयवासी बताउँछन् ।

उपल्लो मुस्ताङका ६ गाविस लोमन्थाङ, छोनुप, छोसेर, सुर्खाङ, चराङ र घमीमा गत वर्ष अत्यन्त कम हिउँ परेको थियो । हिउँ तथा पानी कम पर्न थालेपछि पानीको अभावसँगै छोसेर-९ स्थित सामजुङ बस्ती पानीको खोजीमा उक्त गाविसकै नमासुङ गाउँमा सरेको स्थानीयवासी तोप्के गुरुङले जानकारी दिए ।

उनका अनुसार सामजुङमा १०-१२ वर्षअघिसम्म पानीको मुहान भए पनि पछिल्ला वर्षमा हिउँ पर्ने क्रम घट्दै गएर मुहानै सुकेपछि पानीको अभावमा उक्त गाउँका १८ घरपरिवार तीन घन्टा टाढाको नमासुङ गाउँमा सरेका हुन् । हिउँ पर्न कम हुनुका साथै हिउँ पर्ने ठाउँमा पानी पर्न थालेपछि मुस्ताङ जिल्लाका हिमाली बस्ती बिस्तारै जोखिममा पर्दै गएको अर्का स्थानीयवासी कर्मा गुरुङले बताए ।



"मुस्ताङको जोमसोममा मात्र नभएर उपल्लो मुस्ताङमा पनि हिउँको साटो पानी पर्न थालेको छ," उनले भने-"विगतमा हिउँ मात्र पर्ने गरेका कारण बनाइएका माटोका घरगोठ लगायतका संरचनामा पानी पर्न थालेसँगै चुहिने लगायतका समस्या बढ्न थालेका छन् ।" उपल्लो मुस्ताङका अधिकांश सर्वसाधारणका घर तथा गोठ माटाकै प्रयोग गरी छाउने गरिएको छ । जलवायु परिवर्तनका असरसँगै हिमाली क्षेत्रमा फल्ने स्याउमा पनि असर पारेको मुस्ताङका स्थानीय विकास अधिकारी हरि बाँस्तोलाले जानकारी दिए।

जलवायु परिवर्तनको बढ्दो असर कम गर्न जिल्लाका १६ वटै गाविसमा जलवायु परिवर्तन स्थानीय अनुकूलन कार्ययोजना तयार गरी त्यसलाई कार्यान्वयनमा लगिएको उनले बताए। हिमाल पग्लने क्रमसँगै नयाँ नयाँ हिमताल बन्ने क्रम बढेको छ भने बेमौसममा आउने बाढीका कारण विभिन्न बस्ती जोखिममा पर्ने गरेका छन् । पछिल्ला वर्षमा विश्वव्यापी रूपमा बढेको जलवायु परिवर्तनको असर नेपालमा पनि परिरहेको मौसमविद् मीनकुमार अर्यालले बताए। उनका अनुसार पहाडी भेगमा ०.०६ प्रतिशतका दरले तापक्रम बढेको छ भने हिमाली भेगमा ०.०४ प्रतिशतका दरले तापक्रममा वृद्धि भइरहेको छ ।

प्राकृतिक एवम् मानवीय दुवै कारणबाट विश्वव्यापी तापक्रम बढिरहेको भन्दै उनले यसले पार्ने दीर्घकालीन प्रभावलाई न्यून गर्न बेलैमा लाग्नु अपरिहार्य भएको बताए । जलवायु परिवर्तनसँगै हिउँ पग्लने तथा हिमताल फुट्ने क्रम पनि बढ्दै जाँदा चुनौती थपिएको छ । केही वर्षअघि सेती नदीमा अपत्यारिलो तवरबाट हिउँदमा आएको बाढीले दुई दर्जनको हाराहारीमा सर्वसाधारणले ज्यान गुमाएका थिए ।

बाढीका कारण यकिन नभए पनि अनुसन्धानका क्रममा हिमताल फुटेकै कारण बाढी आएको अनुमान गरिएको छ । पछिल्ला वर्षमा अन्नपूर्ण हिमालको हिउँ पग्लेर कास्कीको सिक्लेस गाउँमाथि बनेको नयाँ हिमताल जलवायु परिवर्तनको अर्को उदाहरण हो । अन्नपूर्ण हिमालबाट खसेको हिउँको थुप्रो पग्लिएर कास्कीको पार्चेमा हिमताल बनेको र उक्त काललाई स्थानीय बासिन्दाले 'कफुचे' नाम राखेका छन् । नेपालमा चार हजार पाँच सय मिटरमाथि मात्रै हिमताल भेटिने गरेको भए पनि यो ताल भने दुई हजार चार सय ३७ मिटरको उचाइमा छ ।

यो ताल पर्यटकीय नगरी पोखराबाट करिब ५१ किलोमिटर उत्तरपूर्वमा पर्छ । अन्नपूर्ण संरक्षण क्षेत्रमा पर्ने यो तालसम्म पुग्न सिक्लेसबाट एक दिनको पैदलयात्रा गर्नुपर्छ ।

सिक्लेस पोखरादेखि ३९ किलोमिटरको दूरीमा पर्छ । नयाँ हिमताल हेर्न सिक्लेस आउने केही पर्यटक कफुचे ताल पनि पुग्ने गरेको सिक्लेस युवा क्लबका सचिव देवीजङ्ग गुरुङले बताए ।

उनका अनुसार हिमालको काखमा अवस्थित सिक्लेस गाउँमा आएर जलवायु परिवर्तनको असरबारे अध्ययन तथा अनुसन्धान गर्न आउने क्रम पनि पछिल्लो समयमा बढिरहेको छ । जलवायु परिवर्तनको असरसँगै हिमताल फुट्दै, सुक्दै र हिमनदीका सीमामाथि सर्दै नदी हिमालमाथि उक्लिरहेको तथ्य पछिल्ला वर्षमा वैज्ञानिकले उजागर गरेका छन् । हालको विश्वमा मानिसले पिउने ७० प्रतिशत पानी हिमखण्डबाटै प्राप्त हुने भएकाले जलवायु परिवर्तनको प्रभावका कारण हिमाल पग्लने अवस्थालाई गम्भीरताका साथ लिनु आवश्यक भएको छ ।

नेपालमा दुई हजार तीन सय २३ वटा हिमताल रहेका छन्, जसमध्ये महत्वपूर्ण मानिने हिमनदी र हिमाली क्षेत्रबाट हिउँ हराउँदै जानु यतिखेर गम्भीर चुनौतीका रूपमा देखिएको छ । मौसमविद्ले गरेको अनुसन्धानलाई आधार मान्दा अबको केही वर्षभित्रै नेपाललाई विश्वसामु चिनाएका हिमाल चट्टानका पहाड हुनेछन्, ती हिमालका वरिपरि रहेका हिमताल फुट्नेछन् र हिमालका फेदीमा रहेका बस्ती त्यसको मारमा पर्नेछन् । जलवायु परिवर्तनकै कारण हिमालका काखमा रहेका धवलागिरिका जिल्ला सदरमुकाम र आसपासका क्षेत्र खतराको सूचीमा रहेको अनुमान धेरै मौसमविद्ले गर्न थालेका छन् । रासस

## पोखराको खानेपानी वितरणमा समस्या

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ६ मंसिर ।**

पोखरा नगरक्षेत्रमा खानेपानी उपभोगका लागि स्रोतको नभई वितरणको समस्या रहेको एक कार्यक्रमका वक्ताहरुले बताएका छन् । पोखराको छोरेपाटनमा रहेको पुरानो भयँरथान टोल खानेपानी उपभोक्ता समितिले आफनो टोलमा खानेपानी पाईप विस्तार सम्पन्न भएको उपलक्ष्यमा आयोजित स्वागत कार्यक्रममा बोल्ने बक्ताहरुले तयस्तो बताएका हुन् । व्यवस्थापिका संसदका सांसद वृन्दा रानाले पोखरामा खानेपानीका मुहानको अभाव नभई स्टोर गर्ने ठाउँ र वितरण गर्ने साधन श्रोतको अभाव रहेको बताए ।

उनले पोखराको खानेपानी समस्यालाई निराकरण गर्नका लागी आफूले केहि समय अघि सरकार समक्ष पोखरालाई आवश्यक पर्ने आठ इन्चको पाईप माग गरेको भन्दै भूकम्पका कारण यो कुरा ओझेलमा परे पनि अब छिटै यसमा सरकारले केहि निर्णय लिने बताइन । सांसद रानाले पोखराको जिरो किमिदेखि छोरेपाटनसम्मका लागि आठ ईन्चको कति पाइप आवश्यक पर्छ त्यसको विवरण लिइ छिटै सरकारसंग थप दवाव दिने समेत बताइन ।

नेपाल खोनेपानी संस्थान पोखराका प्रमुख निरन महर्जनले पोखरा नगरमा खानेपानी मुहानको समस्या नभई वितरणको समस्या रहेको बताए । उनले पोखरेलीहरु खानेपानी वितरणको समस्या कै कारण पानीको अभावमा बस्नु परेकाले आठ ईन्चको पाईप पर्याप्त हुने हो भने यो समस्या छिटै समाधान हुने उल्लेख गरे।

कार्यक्रम पुरानो भयरथान टोल खानेपानी उपभोक्ता समितिका उपाध्यक्ष मैता कुमारी गुरुङको अध्यक्षमा सम्पन्न भएको थियो ।

हार्दिक बधाई

श्री शकुन्तला कोइराला भूषालज्यूलाई



यस संस्थाकी लेखापाल श्री शकुन्तला कोइराला भूषालज्यू पोखराको सामाजिक संस्था जेसीआई पोखरा लेडी जेसीसको हालै सम्पन्न २८औं साधारणसभा एवं २३औं अधिवेशनबाट गरिमामय अध्यक्ष पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै कार्यकालको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं।

सि.बि. आर. एस. परिवार
नयाँबजार, पोखरा-९

## नेपाली कांग्रेसको इलाका कमिटी विस्तार

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ६ मंसिर ।**

नेपाली कांग्रेस वडा इकाई समिति पोखरा-१५ ले वडाभित्र इलाका नं. ३ गठन गरेको छ। पोखरा-१५ भित्र ६ वटा इलाका गठन गर्ने निर्णय अनुसार पहिलो पटक सो इलाका गठन गरिएको हो। वडाभित्र पार्टीलाई शशक्त बनाउनका लागि इलाका गठन गर्न थालिएको इकाई सभापति टोपबहादुर थापाले जानकारी दिए। भेलाले नितलाल अधिकारीको अध्यक्षतामा इलाका गठन गरेको छ। जसको उपाध्यक्षमा केमबहादुर गुरुङ, सचिवमा भोलाकुमार श्रेष्ठ, कोषाध्यक्षमा शान्तिदेवी पन्त हमाल, सहसचिवमा केदार पोखरेल र सदस्यमा अम्बिका ढकाल, मोतिलाल रेग्मी, धनकुमारी थापा, सफी खान, क्या.लक्ष्मण गुरुङ, देवु कार्की, खडानन्द लामिछाने, लिला आचार्य, भाजवीर वि.क छन्।

भेलाको उद्घाटन गर्दै सांसद शारदा पौडेलले संविधान कार्यान्वयन पहिलो आवश्यकता भएको औल्याईन्। उनले कांग्रेस बिना अन्य पार्टीले मुलुकलाई निकास र विकास दिन नसक्ने दावी गरिन्।

नेपाली कांग्रेस क्षेत्र नं २ कास्कीका सभापति माधव बाँस्तोला 'मधु'ले सबै मिलेर पार्टीलाई मजबुद बनाउनुपर्नेमा जोड दिए। महाधिवेशन प्रतिनिधि ऋषि काफ्लेले कांग्रेसको तुलना कुनै पार्टीसँग पनि हुन नसक्ने जिकिर गरे। कार्यक्रममा प्रजातन्त्र सेनानी तारा 'पाखे', नेपाली कांग्रेस कास्कीका जिल्ला सदस्य मिनबहादुर गिरी, नवीन सिग्देल, क्षेत्र नं २ का सचिव वर्षाकेशव पराजुली, कोषाध्यक्ष महेन्द्र अधिकारी, नेपाल आदिवासी जनजाति संघ पर्वतका अध्यक्ष भिमबहादुर गुरुङ, वीपी चिन्तन प्रतिष्ठान पोखरा-१५ का सभापति डम्बरबहादुर बाँनिया, नयाँ गाउँ क्लबका अध्यक्ष सुनिल गुरुङ, सक्रिय कार्यकर्ताहरु सामबहादुर गुरुङ, विष्णु आचार्य, ईश्वरबहादुर आले, कृष्णबहादुर विक, गणेश बराईली, लक्ष्मण गुरुङ, शान्तीदेवी पन्त, केशबहादुर गुरुङले बोलेका थिए।

नेपाली कांग्रेस वडा इकाई समिति पोखरा-१५ का कोषाध्यक्ष शंकमान सदाशंकरको अध्यक्षतामा भएको कार्यक्रममा इकाई सभापति टोपबहादुर थापाले स्वागत र सदस्य राजेन्द्र गिरीले सञ्चालन गरेका थिए।

## परिचयपत्र बाँडिने

**काठमाडौं ६ मंसिर ।**

सरकारले मङ्सिरको अन्तिम सातादेखि २५ जिल्लाका गरिबीका रेखामुनि रहेकालाई 'गरिब परिचयपत्र' वितरण गर्ने तयारी गरेको छ । गरिब घरपरिवार सहयोग समन्वय बोर्डले तयार पारेको परिचयपत्र यही महिनाको अन्तिमदेखि वितरण गर्ने तयारी गरिएको सहकारी तथा गरिबी निवारणमन्त्री हृदयराम थानीले

बाँकी अन्तिम पृष्ठमा......

राष्ट्रिय औद्योगिक व्यापार मेला-२०७३, पोखरा
स्टल बुकिङ्ग सम्बन्धी सूचना !

पोखरा उद्योग वाणिज्य संघको आयोजनामा २०७३ मंसिर २३ देखि पौष ०४ गतेसम्म पोखरा प्रदर्शनी केन्द्र नयाँबजारमा आयोजना हुने राष्ट्रिय औद्योगिक व्यापार मेला-२०७३, पोखराको स्टलहरु धमाधम बुकिङ्ग भैरहेका छन् । स्टल सीमित रहेकाले समयमै स्टल बुकिङ्ग गरी आफ्नो स्थान सुरक्षित राख्नुहुन सम्पूर्ण उद्यमी व्यवसायी महानूभावहरु एवं सम्वन्धित सबैमा हार्दिक अनुरोध गर्दछौं ।

सदस्य सचिव
राष्ट्रिय औद्योगिक व्यापार मेला-२०७३, पोखरा ।

सम्पर्क : पोखरा उद्योग वाणिज्य संघ सचिवालय
गैह्रापाटन, पोखरा, फोन : ५२०२६४, २२२६४, ५२५२६४

कर्मचारी चाहियो

पोखराको चिप्लेढुङ्गा, मानवअधिकारचोकस्थित चिनारी थकाली भान्छाघरका लागि निम्न कर्मचारी चाहियो ।

पद : वेटर — संख्या : २ जना
पद : किचन हेल्पर — संख्या : १ जना
पद : डिसवासर — संख्या : १ जना

सम्पर्क : चिनारी थकाली भान्छाघर
मानवअधिकारचोक, चिप्लेढुङ्गा, पोखरा, फोन : ०६१-५२६३०९

ADMISSION OPEN
M.Sc.in
Construction Management
(2 years Program)



Eligibility: B.E in any branch, architecture & surveying from recognized university with at least 2nd division or CGPA 2.0
Entrance Examination : Mangshir 11, 2073 (Dec. 26, 2016)
Pokhara Engineering College (PEC)
(Affiliated to Pokhara University)
Phirke, Pokhara-8, Tel: 061-531209/528530
E-mail: info@pec.edu.np/www.pec.edu.np
Forms can be downloaded from the website too.

Free NEW ZEALAND Seminar
Study In
SOUTHERN INSTITUTE OF TECHNOLOGY
Date: 24th Nov, 2016 (Thursday)
Time: 10:00 AM onwards
Venue: BEACON, Office Premise



Meet Mr. Khanin Saikia
Int'l Marketing Officer
Special Offers:
- High demanded programs like PGD Business Enterprise, Hospitality & Tourism, IT, Management
- Spot assessment and eligibility check based on your documents
- Specialized services based on students' background
- Meet us to know about the success stories of our stuents
- Get the guidance of long experienced Counselors & Ex-Visa Officers

Your visa application is checked and handled by
Ex-Visa Officers
Pankaj Mahotra & Rajni Garg,
Immigration Advisor Liscense no. -20110022
BEACON
Premier International Education
Siddhartha Chowk Pokhara
PH: 061-528812
Mobile: 9856031631, 9846124153
E-mail: info@beaconedu.com.np
Approved by:
Certified by:
Find us : www.facebook.com/beaconpage

■ गोरखालीहरू साना कदका हुन्छन् तर उनीहरूमा उदम्य साहस हुन्छ।

*- लर्ड नेपियर*

## सम्पादकीय ...

# नेपाल–चीन सम्बन्ध कस्तो ?

संवेदनशीलता र गम्भीरताको अभावले नेपालले लगातार कूटनीतिक विफलताको सामना गर्नुपरेको छ। सामान्यत: विदेश नीतिमा स्थिरता र एकरूपता हुनुपर्ने भए पनि केही वर्ष यता नेपालको कूटनीति असन्तुलित र अस्थिर देखिएको छ। त्यसमाथि परराष्ट्र सम्बन्धमा समेत दलगत 'निकटता' र 'दूरी' देखाउन थालिएपछि सम्बन्धित मुलुकहरू समेत सशंकित हुन थालेको संकेत प्रकट हुन लागेको छ। पछिल्ला दिनमा भारत र चीनसँगका सम्बन्धलाई खजमज्याउने काम दलका नेताहरूले गरेका छन्। दल विशेषको सरकार भएका कारण चीनका राष्ट्रपतिको नेपाल भ्रमण रद्ध भएको हो भन्ने टिप्पणी जिम्मेवार राजनीतिक दलका नेताबाट हुने गरेको छ।यस्ता मूर्खतापूर्ण र अपरिपक्व कूटनीतिक अभ्यासले देशको साख गिर्छ भन्ने त राजनीतिक दलका नेताहरूले सायद विचारै गरेका छैनन्। अहिले चीनसँगको सम्बन्धको विषयलाई बढी नै राजनीतिकरण गर्ने अभ्यास यसैको उदाहरण हो। केपी शर्मा ओलीको कार्यकालमा चीनसँग भएका सम्झौता कार्यान्वयन गर्न उदासिन भएको र भारतप्रति ढल्केको आरोप पुष्पकमल दाहाल नेतृत्वको सरकारमाथि लगाइएको छ। प्रधानमन्त्री दाहालको भारत भ्रमणप्रति नेकपा (एमाले) का नेताहरूको टिप्पणी पनि निकै आक्रामक रहेको छ। यसैबीच सरकारको प्रमुख घटक नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा भारतको एउटा कार्यक्रममा 'निर्वा्सित तिब्बती सरकार'का प्रतिनिधिसँगै सहभागी भएको विषयलाई पनि उत्तिकै हल्कासँग उठाइएको छ। सरकार वा सभापति देउवाका तर्फबाट पनि यस्ता आरोपहरूको चित्तबुझ्दो उत्तर दिइएको छैन। यसले जनमानसमा भ्रम त परेको छ नै चीनका मनमा पनि सन्देह उत्पन्न भएको देखिन थालेको छ। अर्थात्, संविधान जारी भएपछि भारतसँग सम्बन्ध बिग्रेको बेला चीनले लगाएको गुन नेपालले बिर्सेको भान पर्न गएको छ। यस्तो स्थिति पक्कै पनि नेपालको हितमा हुँदैन। यसैले चीनसँगको सम्बन्ध चिसो भएको हो भने सरकारले त्यसमा सुधार गर्न तत्काल अग्रसरता देखाउनु जरुरी छ। चीनसँगको मैत्री सम्बन्ध नेपालका लागि अत्यन्त संवेदनशील र गम्भीर विषय हो। यसैले जुनसुकै दलको सरकार भए पनि त्यसलाई उत्तिकै महत्त्व दिनै पर्छ। चीनसँगको सम्बन्धमा दलगत वा व्यक्तिगत झुकावको कुनै प्रभाव रहनु हुँदैन। सायद, सभापति देउवाले भाग लिएको कार्यक्रम पूर्वप्रधानमन्त्री सहभागी हुन उपयुक्त थिएन। देउवाले आफ्नै सूत्र प्रयोग गरेर चीनको मनमा उब्जेको शंका निवारण गर्नु उचित हुनेछ। चीनसँग पछिल्लोपटक गरिएका पारवहन र यातायात सम्झौताहरूको भने व्यावहारिकभन्दा पनि सांकेतिक महत्व धेरै छ। हुनत, भारतले लगाएको अघोषित नाकाबन्दीको मार सहन चीनबाट ठूलो भरथेग त हुनसकेन र भारतबाटै तस्करी गरेर जसोतसो गुजारा चलाउनु परेको थियो। तर, चीनले सहयोगका लागि देखाएको तत्परता नेपालको मनोबल र आत्मविश्वास बढाएको थियो। यसैक्रममा चीनसँग गरिएका सम्झौतालाई नाफाघाटाका आधारमा हेर्नु उचित हुँदैन। चीनसँगका सम्झौता कार्यान्वयनमा कम्तीमा नेपालबाट उपेक्षा नगरियोस् भन्ने नेपाली जनचाहनाको सरकारले सम्मान गर्नुपर्छ। नेपालका तर्फबाट सम्झौता कार्यान्वयनमा अग्रसरता लेखाउनु जरुरी छ। कुन-कुन सम्झौता कार्यान्वयनका लागि के कति प्रयास भएका छन् र अहिले तिनको अवस्था के छ भन्ने विषयमा सरकारले श्वेतपत्र नै जारी गरेर जनतालाई स्पष्ट पार्नुपर्छ। पारदर्शी व्यवहारले सरकारलाई उत्तरदायी हुन कर लाग्छ। पारदर्शिता र उत्तरदायिताले सरकारलाई कुनै आवेग वा लगावका आधारमा राज्यको विदेश नीति सञ्चालन गर्नबाट रोक्छ। यसैले चीनसँगको सम्बन्धलाई एमाले नेताहरूले राजनीतिक प्रचारवाजीको विषय नबनाउन् र सरकारले जनतालाई तत्काल यथार्थ जानकारी देओस्। यस्तो विषयमा खेलाँची वा जालझेल गर्नु आगोसँग खेल्नुजस्तै हो भन्ने नबिर्स !

## आजको पञ्चाङ्ग

**मिति २०७३ साल मंसिर ७ गते मंगलबार, तदनुसार नोबेम्बर २२ सन् २०१६, श्रीशाके १९३८, नेपाल संवत् ११३७, सौम्यनामक: संवत्सर:, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन्। शरद ऋतु चलिरहेको छ। चान्द्रमान अनुसार मार्गशीर्षकृष्णपक्ष चलिरहेको छ। सौरमान अनुसार आज मार्गशीर्षकृष्णपक्षको नवमी तिथि अहोरात्र रहनेछ। आज सूर्य वृश्चिक राशिमा, चन्द्रमा सिंह राशिमा अहोरात्र रहनेछ। आज दिनमान २६ घटि २८ पलाको रहनेछ। आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर ३२ मिनेटमा जयदेव मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर ०७ मिनेटमा हुनेछ।**

## आजको राशिफल

**मेष** : सरकारी सहयोग मिल्ने, नयाँ साथीसँग सम्बन्ध गाँसिने, सामाजिक सक्रियता बढ्नेछ काममा सक्रियता बढनेछ।

**वृष** : दाजुभाई बीच मनमुटाव हुन सक्नेछ, दैनिक उपभोग्य सामग्रीको अभाव, शुरु गरेको कार्यहरु रोकिनेछन्।

**मिथुन** : भूमि सम्बन्धी विवाद, महत्वपूर्ण कार्यक्रम स्थगित हुनेछ, सुनचाँदी कारोबारमा मन्दी आउन सक्नेछ।

**कर्कट** : आर्थिक लेनदेनमा विवाद हुनेछ, अनावश्यक कार्यमा दिन बित्नेछ, पठनपाठन क्षेत्र अस्तव्यस्थ हुने, दिन खराब छ।

**सिंह** : कृषि कार्यबाट लाभ पाइने, मेहनत गरेको धन हात लाग्ने, इष्टमित्रको सहयोगले अधुरा कार्य पूरा हुने।

**कन्या** : आफ्नो रोजाइको कार्यमा अरुको विरोध, नेतृत्व कार्य असफल, टाढाको यात्रामा सावधानी अपनाउनु पर्नेछ।

**तुला** : नयाँ व्यवसाय गर्नतिर मनजान सक्नेछ, पारिवारिक समस्या सुल्झिनेछ, सामाजिक कार्यमा सम्मान मिल्नेछ।

**वृश्चिक** : शत्रुबाट मानसिक पीडा थपिनेछ, पारिवारिक झगडाले ठूलै रुप लिनेछ, आफन्तबाट विशेष कार्यमा धोका हुनेछ।

**धनु** : मित्रको सहयोगले ठूलो काम सम्पन्न, वैदैशिक रोजगारको अवसर मिल्ने, स्त्रीपक्षबाट सुख प्राप्त हुनेछन्।

**मकर** : व्यापार व्यवसायबाट घाटा, स्वास्थ्यमा एक्कासी खराबी, अनावश्यक मानसिक चिन्तन र थकाइ बढ्नेछ।

**कुम्भ** : रोजगारीबाट आत्मसन्तुष्टि मिल्ने, नयाँ मित्रसंग भेटघाट, मानसम्मानको अवसर प्राप्त हुनेछ, समय शुभ छ।

**मीन** : मान्यजनबाट सहानुभूति मिल्ने, व्यापारिक कार्य सफल रहनेछ, साहित्य क्षेत्रबाट सफलता मिल्नेछ दिन शुभ छ।

**राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९**

# एमाले नेतासंगको 'अफ दि रेकर्ड' वार्ता



अमित ढकाल

रत्येक गठबन्धन सरकार एउटा प्रमुख मुद्दामा टेकेर बन्ने गर्छ। एमाले, एमाओवादी र राप्रपा नेपालको अघिल्लो गठबन्धन सरकार राष्ट्रियताको मुद्दामा टेकेर बनेको थियो। अहिलेको सरकारले संविधान संशोधन गरेर 'सर्वस्वीकार्य' बनाउने प्रमुख मुद्दामा टेकेको छ। सरकार गठन भएको सय दिन नाघिसकेको छ। सत्तारुढ गठबन्धनले संविधान संशोधन प्रस्ताव दर्तासम्म गराउन सकेको छैन। संशोधन ढिलोचाँडो दर्ता त हुन्छ नै, तर प्रतिपक्षमा रहेका एमाले र राप्रपा नेपालको सहयोगबिना पास हुने छैन। यी दुई दल असहमत हुनेबित्तिकै संविधान संशोधनका लागि आवश्यक दुई-तिहाइ मत पुग्दैन।

प्रश्न संविधान संशोधनको मात्र छैन। २०७४ माघ ७ सम्म स्थानीय, प्रादेशिक र संसदीय निर्वाचन गरिसक्नुपर्ने संवैधानिक बाध्यता छ। यो समयसीमाभित्र चुनाव नभए मुलुक खिलराज प्रकरण-२ को बाटोमा जानसक्छ।

मुलुक संविधान संशोधन, चुनाव र लोकतान्त्रिक मार्गको लिकबाट फेरि बाहिर जान सक्ने खतराबारे प्रमुख प्रतिपक्षी नेकपा एमाले के सोच्दैछ? आगामी राजनीति धेरै हदसम्म यसैले तय गर्नेछ। औपचारिक अन्तर्वार्तामा यी सबै विषयबारे कुनै एमाले नेताले खुलेर आफ्नो विचार राख्ने सम्भावना कमै हुन्थ्यो। त्यसैले, मैले एमाले अध्यक्ष केपी ओलीसँग नजिक रहेर काम गरिरहेका एक प्रभावशाली नेतासँग 'अफ दि रेकर्ड' खुलस्त कुरा गर्ने प्रस्ताव गरेँ। उनी सहमत भए।

सिंहदरबारस्थित एमाले संसदीय दलको कार्यालयभित्र एमाले अध्यक्ष केपी ओलीको कार्यकक्षमा करिब एक घन्टाभन्दा लामो चलेको यो 'अफ दि रेकर्ड' कुराकानीका अधिकांश हिस्सा म यो लेखमा उतार्नेछु। एमालेले आगामी दिनमा कस्तो कदम चाल्ला, साथै मुलुकको राजनीति आगामी दिनमा कसरी अघि बढ्ने सम्भावना छ भन्नेबारे मेरो विश्लेषण पनि प्रस्तुत गर्नेछु।

मैले एमालेका ती प्रभावशाली नेतासँग प्रश्न गरेँ, 'संविधान संशोधनमा एमालेको भित्री चासो के हो? संविधान संशोधनबिना चुनाव सम्भव छ? चुनाव गराउन सकिएन भने मुलुक राजनीतिक अस्थिरताको अर्को दुष्चक्रमा फस्दैन?

उनले गम्भीरतासाथ प्रश्न सुने, तर उत्तर दिएनन्। बरु प्रश्नै प्रश्नको खात मतिर तेर्स्याए: मधेसी दलले वास्तवमा खोजेका के हुन्? संविधान संशोधन हो भने कस्तो संशोधन हो? सबै मधेसी दल संविधान संशोधनको मागमा एक छन्? सबैको माग एउटै छ? संशोधन गर्ने भनेर अहिले बाहिर आइरहेका विषयमा सबै प्रमुख दलभित्र आन्तरिक सहमति र एकता छ? कम्तीमा सत्ता गठबन्धनमा रहेका दल एक छन्? संविधान संशोधनपछि मधेसी दलले चुनावमा भाग लिन्छन्? समस्या समाधान हुन्छ भनेर हामीले पहिले पनि मधेसी दलका केही सरोकार समेटेर एकपटक संविधान संशोधन गर्यौं, तर समस्या समाधान भयो त? अब पनि संविधान संशोधन गरेपछि मधेसी दल त्यसलाई स्विकारेर चुनावमा जान तयार हुन्छन्? कि मधेसी दलको अभिप्राय विवाद सतहमा ल्याउने, सकेसम्म आफ्ना हरेक मुद्दा संविधानमा छिराउने, सम्बोधन नभएका विषयलाई फेरि अर्को चुनावको एजेन्डा बनाउने र रडाको कायम राख्ने हो?

उनको प्रश्न जारी थियो। त्यही बेला कसैले 'जरुरी' फोन गर्यो, उनले उठाए। प्रश्नको खात तेर्स्याउने क्रमभंग भयो। उनको फोन संवाद सकिन नपाउँदै मैले प्रस्ताव राखेँ, 'संविधान संशोधनका लागि गठबन्धन सरकारले तयार गरेका चार विषयमा पहिले छलफल गरौँ, अनि अन्य राजनीतिक विषयमा कुरा गरौंला हुन्न?' उनी तयार भए।

संशोधनको एउटा बुँदा नागरिकतासम्बन्धी संवैधानिक व्यवस्था हो। नेपाली नागरिकसँग विवाह गरेर आउने महिलाको हकमा 'संघीय कानुन' मा उल्लेख भएअनुसार नागरिकता पाउने व्यवस्था छ। त्यो प्रावधानको ठाउँमा नागरिकतासम्बन्धी वर्तमान कानुनमा जे छ, संविधानमा त्यही व्यवस्था राख्ने सरकारको प्रस्तावसँग तपाईंहरूको के आपत्ति?

उनले उत्तर दिएनन्, फेरि पनि प्रश्नै तेर्स्याए: नागरिकतासम्बन्धी संविधानमा राखिएको प्रावधानले विदेशबाट नेपाली पुरुषसँग बिहे गरेर आउने महिलालाई नागरिकता लिनबाट वञ्चित गरेको छ? छैन भने, कुन औचित्यका लागि यो प्रावधान संशोधन गर्ने? किन संशोधन गर्ने? र, कसका लागि संशोधन गर्ने? उनले नयाँ संविधान जारी भइसकेपछि पनि नेपाली पुरुषसँग बिहे गरेर आएका सात-आठ हजार विदेशी महिलाले नेपाली नागरिकता लिइसकेको दलिल पेस गरे।

अन्तरिम संविधानमा 'प्रचलित कानुन अनुसार' भन्ने वाक्यांशका ठाउँमा नयाँ संविधानमा 'संघीय कानुनअनुसार' लेखिएको छ। पछि कानुन बनाउने बेला विदेशबाट बिहे गरेर आउने महिलाका सवालमा थप कडाइ हुन सक्ने मधेसी पार्टीहरूको आशंका छ। त्यसैले, यो विषयलाई अहिले नै सम्बोधन गर्दा के बिग्रन्छ ?

उनले संविधानको अहिलेको फ्रेममा 'संघीय कानुन' लेख्नैपर्ने थियो भन्ने तर्क गरे। 'मुलुक संघीयता गएपछि स्थानीय, प्रादेशिक र संघीय नियम-कानुन रहन्छन्। नागरिकताको सवाल संघीय कानुनले निर्धारण गर्ने विषय हो। हामीले त्यहीअनुसार संविधानमा लेखेका हौं,' उनले भने। पछि नागरिकता कानुन बनाउँदा गडबड हुन्छ भन्ने मधेसी दलको आशंका हो भने अहिले नै नागरिकता कानुन संशोधन गर्न सकिने उनको जिकिर छ। 'सरकारले अहिले नै सबैलाई मान्य हुने गरी नागरिकता कानुन संशोधन गरे भइहाल्यो,' उनले भने, 'सुल्टो बाटो नहिँड्ने, तर उल्टो बाटो हिँडेर संविधानमै यो प्रावधान संशोधन गरौं भन्ने तर्कपूर्ण कुरा हैन।'

उनले हाम्रो नागरिकता कानुन भारतको भन्दा 'लिबरल' रहेको जिकिर गरे। 'त्यहाँ बिहे गरेर आउने महिलाले सात वर्ष कुर्नुपर्छ। हाम्रोमा बिहे गरेर आउनेबित्तिकै विदेशको नागरिकता त्यागेको प्रक्रिया सुरु गरेमा नागरिकता दिने व्यवस्था छ,' उनले भने। राज्यका प्रमुख पदहरूमा अंगीकृत नागरिक पुग्न नपाउने अहिलेको संवैधानिक व्यवस्था केही खुकुलो पार्ने गठबन्धन दलको प्रस्तावप्रति त एमालेको झनै आपत्ति छ। गठबन्धन सरकारले राष्ट्रपति, प्रधानमन्त्री, प्रधानसेनापति, प्रधानन्यायाधीश तथा सभामुख हुन मात्र वंशजका आधारमा नागरिकता लिएको हुनुपर्ने, तर अन्य पद, जस्तै प्रदेश प्रमुखका लागि वैवाहिक अंगीकृत वा जन्मसिद्ध नागरिक भए पनि हुने गरी संविधान संशोधन प्रस्ताव ल्याउन लागेको छ।

**यसमा एमालेको असहमति किन?**

उनले भने, 'यो मुलकमा बर्सेनि छ-सात हजार जना बिहे गरेर आएका महिलाले अंगीकृत नागरिकता लिन्छन्। तिनलाई मुख्यमन्त्री बनाउने मधेसी दलको स्वार्थ हो?' मधेसी दलले पहिले नै टुंगो लागिसकेको कुरालाई स्वार्थवश फेरि उधिनेको उनले आरोप लगाए। 'यो विवादबारे पहिलो संविधानसभाले नै टुंगो लगाइसकेको हो। प्रचण्डले नेतृत्व गर्नुभएको उपसमितिले यो विवाद त्यतिखेरै टुंग्याएको थियो। उक्त समितिमा मधेसी नेताहरू लक्ष्मणलाल कर्ण सदस्य तथा उपेन्द्र यादव आमन्त्रित सदस्य हुनुहुन्थ्यो,' उनले भने।

पहिलो संविधानसभाले टुंगो लगाएका धेरै विषय त तपाईंहरूले पनि दोस्रो संविधानसभामा उल्ट्याउनुभयो, अन्तिरिम संविधानमा नपरेको यो अंगीकृतको विषय भने नयाँ संविधानमा राख्नुभयो, अहिले विवादित बनेपछि समस्या छ भनेर स्विकार्दै हल खोज्नुपर्ने हैन? 'उहाँहरूले उठाएपछि विवाद त देखियो,' उनले भने, 'तर, अन्तरिम संविधानमा नभएको कुरा हामीले त्यसै 'फ्लुक' मा नयाँ संविधानमा राखेका होइनौं। धेरै सोचविचार गरेर यो प्रावधान राखिएको हो। हाम्रो मुलुकको जुन संवेदनशीलता छ, त्यसलाई ध्यानमा राखेर यो विषय सम्बोधन भएको हो। त्यसैले, यो प्रावधानको संशोधन एमालेलाई मान्य हुनै सक्दैन।' सरकारले अघि बढाउन लागेको संशोधनको तेस्रो विषयबारे मैले सोधेँ, 'माथिल्लो सभामा अहिलेजस्तो प्रत्येक प्रदेशबाट ८-८ जनाको सट्टा कम्तीमा ३ जना र बाँकी जनसंख्याका आधारमा निर्धारण गर्ने प्रस्तावमा पनि तपाईंहरूको असहमति हो?'

व्यावहारिक हिसाबले प्रत्येक प्रदेशबाट ८-८ जनाको प्रतिनिधित्वलाई चलाउन नमिल्ने उनले दाबी गरे। उनको तर्क छ, 'प्रत्येक प्रदेशबाट कम्तीमा तीन जना महिला, एक जना दलित र एक जना शारीरिक अपांग तथा अल्पसंख्यक ल्याउनुपर्ने संवैधानिक व्यवस्था छ। प्रत्येक प्रदेशबाट ८-८ जना माथिल्लो सभामा जाने प्रावधान बदल्नेबित्तिकै समावेशीताको यो सिद्धान्त धरापमा पर्छ। प्रत्येक प्रदेशबाट कम्तीमा तीन जना महिला नआउनेबित्तिकै त्यसको चाप समानुपातिकतर्फको महिला संख्यामा पर्छ।' 'संघीय संरचनामा केन्द्रबाट संघलाई जाने स्रोतको सवालमा पनि प्रदेशहरूबीच सन्तुलन कायम होस् भनेर हामीले प्रत्येक प्रदेशबाट ८-८ जनाको प्रतिनिधित्व सुनिश्चित गरेका हौं,' उनले भने।

सरकारले प्रस्ताव गर्न लागेको सीमांकन संशोधनमा त एमालेको झन् ठूलो असहमति छ। सरकारले पाँच नम्बर प्रदेशमा थारू समुदायमाझ देखिएको असन्तुष्टि सम्बोधन गर्न त्यो प्रदेशको सीमांकन संशोधनको प्रस्ताव गर्न लागेको छ। पाँच नम्बर प्रदेशमा रहेका पहाडी जिल्ला पाल्पा, गुल्मी, अर्घाखाँची, प्युठान, रोल्पा र रुकुमलाई उक्त प्रदेशबाट झिकेर चार र छ नम्बर प्रदेशमा राख्ने गरी संविधान संशोधन गर्ने सरकारको तयारी छ।

एमाले नेताले यसमा आफ्नो पार्टीको सहमति हुनै नसक्ने ठोकुवा गरे। पाँच नम्बर प्रदेशका स्थानीय जनताले त्यो माग गरेकै छैनन्। कसको स्वार्थमा पहाड र मधेसलाई जसरी पनि छुट्याउने यो प्रस्ताव अघि सारिँदै छ? मैले प्रतिप्रश्न गरेँ, 'कांग्रेस र एमालेले नै संयुक्त रूपमा तयार पारेको सात प्रदेशको नक्सामा पाँच नम्बर प्रदेशमा पहाडका यी जिल्ला थिएनन्। नवलपरासीदेखि बर्दियासम्मका तराईका जिल्ला मात्र थिए। त्यतिबेला त्यो प्रस्ताव राष्ट्रको हितमा हुने, अहिले फेरि राष्ट्रहित विपरित हुने? के यो तपाईंहरूका लागि ठूलो नैतिक प्रश्न हैन?'

उनी केही बेर थामिए, त्यसपछि भने, 'हाम्रासामु नैतिक प्रश्न त हो, तर अहिले पाँच नम्बर प्रदेशबाट पहाडका जिल्ला हटाइयो भने पनि फेरि त्यस्तै नैतिक प्रश्नको जवाफ हामीले भोलि दिनुपर्नेछ।' उनका अनुसार कांग्रेस-एमालेले सात प्रदेशको नक्सा बनाउँदै गर्दा पनि एमालेभित्र विरोध भएको थियो रे। 'दुई नम्बर प्रदेशमा जस्तो तराई-पहाड छुट्याउनुपर्ने आवाज यहाँ नउठेको बेला किन त्यसै गर्न लागेको भनेर वामदेव गौतमले प्रश्न उठाउनुभएको थियो। यो विषयमा विवाद बढ्दै गएर हाम्रा दुई शीर्षनेताबीच केही समय बोलचालै बन्द भएको थियो,' उनले भने।

पहिलेको गल्ती पछि सच्याइएको जिकिर गर्दै उनले भने, 'पाँच नम्बर प्रदेशमा मधेसका जिल्ला मात्र राख्ने पहिलेको निर्णय अप्राकृतिक थियो, पछि पहाडका पनि जिल्ला राख्ने निर्णय स्वाभाविक रूपमा आयो। अब त्यसलाई परिवर्तन गर्नै सकिन्न।' स्थानीय तहमा पनि यो स्वीकार्य हुन नसक्ने उनले बताए। 'पहिले कांग्रेस र एमाओवादीले आफ्नो पार्टीभित्र सीमांकन परिवर्तनको यो प्रस्ताव पास गरेर देखाऊन्, अनि हामी पनि सोचौंला,' उनले भने, 'त्यो भेगका कांग्रेस-एमाओवादीकै सांसद, नेता तथा कार्यकर्ताले मान्दैनन्।'

एमाले नेताले भनेको कुरामा सत्यता छ। पाँच नम्बर क्षेत्रका सबै पार्टीका प्रभावशाली नेता पहाडी जिल्लाहरूलाई पाँच नम्बर प्रदेशबाट हटाउन नहुने पक्षमा एकमत छन्। एमालेका विष्णु पौडेल, प्रदीप ज्ञवालीदेखि कांग्रेसका बालकृष्ण खाँड, चन्द्र भण्डारी र माओवादी केन्द्रका नेता टोपबहादुर रायमाझीसम्म यो मुद्दामा एक छन्।

तर, यो पनि त्यत्तिकै सत्य हो, हिजो पनि कुनै प्रमुख पार्टीभित्र बृहत छलफल गरेर, सबैको सहमति बनाएर संविधान जारी भएको होइन। कांग्रेस र एमालेकै मधेसका सभासदको त्यत्रो असन्तुष्टिबीच संविधान जारी भएको हो। प्रमुख पार्टीका प्रमुख नेताहरू बसेर सहमति गरेपछि, त्यसलाई 'पेलपाल' गरेर संविधान जारी गरिएको हो। आज पनि सबै पार्टीका प्रमुख नेताहरू, त्यसमा पनि तीन प्रमुख पार्टीका नेताहरू एकठाउँ नउभिकन संविधान संशोधनको सम्भावना कम छ। मैले ती एमाले नेतालाई सोधेँ, 'अहिलेको पेचिलो अवस्थाबाट मुलुकलाई पार लगाउन र संविधानले तोकेअनुसार निर्वाचन सम्पन्न गर्न तीनै पार्टीका नेता एकठाउँ उभिनुपर्दैन?'

उनी केही जोसिए। र, प्रश्न गरे, 'त्यसो हो भने संविधान संशोधनका विषयमा सुरुदेखि नै एमालेसँग किन सल्लाह नगरेको? किन संविधानलाई सर्वस्वीकार्य बनाउन यो गठबन्धन बनेको प्रचार गरियो? किन संविधान सर्वस्वीकार्य बनाउने बाटोमा एमालेलाई अवरोधका रूपमा प्रस्तुत गरियो?'

पार्टीहरूबीच जे-जस्तो विवाद भए पनि सहमति नगरी चुनावमा जान सकिन्न। मैले उनलाई सोधेँ, 'ठिक छ, संविधान संशोधनमा एमालेका असहमति छन्, तर संविधान संशोधनबिना मधेसी पार्टीले निर्वाचनमा भाग लिन्छन्? चुनावमा भाग लिएनन् वा बिथोल्नेतिर अघि बढे भने राजनीति फेरि भाँडिन्छ, के मुलुकले त्यो धान्न सक्छ?'

'पहिले स्थानीय निर्वाचन त घोषणा गर्नुस्, क-कसले बहिष्कार गर्ने वा भाँड्ने आँट गर्दा रहेछन् हेरौं न?' उनले निमेषभर नथामिकन भने, 'चुनाव गराउने यो सरकारको नियत नै हैन, नत्र निर्वाचनसम्बन्धी विधेयकहरू अघि बढाइहाल्थ्यो।'

मुख्य पार्टीहरूबीच सहमति भएन भने, न संविधान संशोधन हुन सक्छ न त निर्वाचन नै। त्यो भनेको राजनीति लोकतान्त्रिक लिकबाट फेरि बाहिर जाने हो, खिलराज प्रकरण-२ मा पुग्ने हो। त्योभन्दा अघि नै पार्टीहरूले कमजोरी स्वीकार्दै सहमतिमा पुग्नु पर्दैन? 'लोकतान्त्रिक प्रक्रिया नै भताभुंग त कहाँ हुन्छ? त्योभन्दा अघि नै पार्टीहरू एकठाउँ आइपुग्छन् नि,' उनले भने।

मैले सोधेँ, 'कसरी ?'

उनले कुराकानीको बिट मार्दै मुसुक्क हाँसेर भने, 'शेरबहादुरजीलाई हतार लाग्ना नि। केही समयपछि प्रधानमन्त्री बन्न, राजनीति अघि बढाउन कति गाह्रो छ भन्ने उहाँले पनि थाहा पाउनु हुनेछ। कसरी अगाडि बढ्ने उहाँले पनि सोच्नुहोला?' मैले सोधेँ, 'त्यसो हो भने 'पावर सेयरिङ' मा नपुगी राजनीतिक सहमति नजुट्ने नै हो?'

उनी मुसुक्क हाँसे मात्र।

यो 'अफ-द रेकर्ड' कुराकानीका आधारमा के निष्कर्ष निकाल्न सकिन्छ? यो वार्तापछि मेरा पाँच विश्लेषण छन्:

पहिलो, संविधान संशोधनका मुद्दाहरूमा एमाले आफू सरकारमा हुँदाभन्दा बढी अनुदार बनेको छ। सरकारमै रहेका बेला एक एमाले नेताले भनेका थिए, 'नागरिकताको विषय प्रस्ट्याउन र वंशज नेपाली नागरिक मात्र पुग्न मिल्ने भनिएका संवैधानिक तथा सुरक्षा अंगका प्रमुखजस्ता पदको सूची केही छोटो बनाउन सकिन्छ। माथिल्लो सभामा अहिले हरेक प्रदेशबाट ८-८ जनाको प्रतिनिधित्व गर्ने प्रावधानमा पनि लचिलो भएर विचार गर्न सकिन्छ।'

आफू सत्तामा रहेको बेला संविधानमा देखिएको असहमति हटाउन सकेको भए त्यसको जस आफ्नो पार्टीलाई जाने थियो। नाकाबन्दीको बेला भारत सामु बलियोसँग उभिएको जस पाएको एमालेले सबैलाई स्वीकार्य हुने गरि संविधान संसोधन गरेको पनि जस पाएको भए त्यो पार्टीका लागि सानो राजनीतिक पूँजी बन्ने थिएन। एमाले त्यही कारण पनि लचिलो भएर संविधानमा देखिएको विवाद सुल्टाउन चाहन्थ्यो।

तर एमालेले त्यो जस नपाओस भनेर त्यो बेलाको प्रतिपक्षी नेपालि कांग्रेस उत्तिकै सचेत थियो। त्यो बेला पनि संविधान संसोधनलाई लिएर बार्ता नभएका हैनन्, तर विवाद सुल्झाउने हिसावले कांग्रेसले कहिल्यै प्रयत्न गरेन। अहिले प्रतिपक्षमा बसेको एमाले त्यही भूमिकामा छ, आँफुले 'कन्सेसन' दिएर विवाद मिलाउँ भन्ने पक्षमा एमाले रतिभर देखिन्न। जस कसले लिने, अपजस कसको टाउकोमा थुपार्ने? राजनीतिक पार्टीहरुको चेतन, अवचेतनमा यो बिषयले सधै झुत्ती खेलिरहन्छ।

दोस्रो, संविधान संशोधन गरेर अहिलेको समस्याको हल निस्कन्छ भन्नेमा पनि एमालेको कुनै विश्वास देखिन्न। मधेसी दलले संविधान संशोधनलाई पूर्ण रूपमा स्वागत गरेर चुनावमा जान्छन् भन्नेमा एमालेलाई विश्वास छैन। त्यही भएर पनि, एमालेमा संविधान संशोधनका लागि हामी किन तयार हुने भन्ने प्रश्न झनै बलियो बन्दै गएको छ। तेस्रो, यो सरकार संविधान सर्वस्वीकार्य बनाउन निर्माण भएको भन्ने गठबन्धनका नेता-कार्यकर्ताको भनाइले एमालेलाई धेरै घोचेको छ। सबैलाई मान्य हुने संविधान बनाउन एमाले बाधक थियो भन्ने देखाउन यो गठबन्धन प्रयत्नरत छ भन्ने एमालेको बुझाइ देखिन्छ। आफैंलाई खलनायक प्रमाणित गर्ने गरी अघि बढाइएको संविधान संशोधनको गाँठो आफूले किन फुकाउने भन्ने प्रश्न एमाले नेता-कार्यकर्ताको मनमा गडेर बसेको छ।

चौथो, अहिले संविधान संशोधन पनि हुन्न, अहिले नै स्थानीय तहको निर्वाचन पनि घोषणा हुन्न भन्नेमा एमाले केही हदसम्म ढुक्क देखिन्छ। यो सरकारले स्थानीय निर्वाचन पनि गर्न सकेन भने यसको वैधता सकिन्छ, त्यो बेला मुलुकलाई निकास दिन कम्तीमा सबै प्रमुख दल एकठाउँ आउनैपर्छ भन्ने पनि एमालेको भित्री आँकलन छ। त्यसैले, एमाले अहिले नै 'हतार गरेर' संविधान संशोधनको पक्षमा उभिन तयार देखिन्न। तर, आफू पनि सहभागी बनेर राजनीतिक 'डेडलक' फुकाउने पक्षमा ऊ तयार देखिन्छ। 'पावर सेयरिङ' को कुरा यहींनेर आउँछ।

पाँचौं, आफूले साथ नदिए पनि संविधान संशोधन हुने परिस्थिति आयो भने, एमाले अहिलेको आफ्नो अडानमा केही लचिलो पक्कै बन्नेछ। संयोगवश, राप्रपा र राप्रपा नेपालबीच आज सोमबारै पार्टी एकता हुँदैछ। राप्रपा अहिले सत्तामा छ, राप्रापा-नेपाल प्रतिपक्षमा। भोलि पार्टी एकीकरणपछि कि त एकीकृत राप्रपा सरकारमा जानेछ, कि सिंगै पार्टी प्रतिपक्षमा बस्नेछ। यो पार्टी पनि सरकारमा गयो भने गठबन्धनका पक्षमा संविधान संशोधन गर्न दुई-तिहाइ मत पुग्छ। संविधान संशोधन भएर राजनीति अघि बढ्ने परिस्थिति बन्यो भने एमालेलाई एक्लै संविधान संशोधनविरोधी पार्टीका रूपमा उभिन सजिलो हुने छैन। त्यो बेला एमाले चरम दवाबमा पर्नेछ।

# रकम पाएपनि घर बनाउन समस्या–भूकम्पपीडित

**गोल्डेन न्यूज संवाददाता**
**गोरखा ६ मंसिर ।**

बोर्लाङ गाविसका भूकम्प पीडितहरूले राहतवापत पहिलो किस्ताको रकम पाए पनि घर बनाउन नसक्ने भन्दै चिन्ता जनाएका छन् । जिल्लाका भूकम्प पीडित परिवारहरुले राहत रकम पाएपनि तुरून्तै घर बनाउन सम्भव नभएको बताएका छन् । भूकम्प पीडितको अवस्थाबारे मानव अधिकार सञ्जाल र इन्सेक गोरखाको संयुक्त आयोजनामा कात्तिक ४ गते बोर्लाङ-४ मा भएको सार्वजनिक सुनुवाई कार्यक्रमका सहभागीहरुले चिन्ता जनाएका हुन् । ‘एक महिलाको बारेमा कहिँ कतै केहि कुरा उठान हुँदैन, नत उहाँहरु आफैले घर बनाउन सक्नुहुन्छ, न उहाँहरुको बारेमा बोल्दीने नै कोहि छ,’ बोर्लाङ-२ को वडा नागरिक मञ्चका संयोजक एकु पाण्डेले भने ।

सोही सार्वजनिक सुनुवाई कार्यक्रममा बोल्दै सरस्वति उमाविका शिक्षक कृष्ण गोतामेले ‘घरमा बलको काम गर्ने मान्छे नहँदा भूकम्प पीडित एकल महिलाको घर कसरी बनाउने भन्ने विषयमा समस्या रहेको बताए ।’

त्यस्तै भूकम्पले भत्किएपछि आफ्नै लगानीमा घर बनाएका पीडितहरुले दोस्रो किस्ता रकम आउँछ की आउँदैन भन्नेमा अन्यौल रहेको बताएका छन् । ‘राहत रकम आउन निकै ढिला भयो, घर हामीले आफै बनायौं,’ बोर्लाङ-४ का विपीन श्रेष्ठले भने । ‘पहिलो किस्ताको रकम त पायौं, अब बन्दै गरेको घर देखाएर दोस्रो किस्ता पाइन्छ कि पाइँदैन ?’ विपीनले प्रश्न राखेका थिए । नयाँ बनेको घर सरकारले तोकेको मापदण्ड अनुसार भयो कि भएन भन्ने पनि आफूहरुलाई थाहा नभएको बोर्लाङ-४ का प्रेम श्रेष्ठले गुनासो गरे । ‘हैसियत अनुसारको घर त बनायौं, अब त्यो घरलाई देखाएर पैसा पाइन्छ की पाइँदैन भन्नेमा प्रायः व्यक्तिको जिज्ञासा रहेको छ’ बोर्लाङ-४ का दिपक गैरेको भनाई थियो ।

सरकारले दिने ३ लाख रुपैंया अनुदानको रकमले नयाँ घर नबन्ने र सरकारले दिने ऋणको बारेमा समेत आफुहरुलाई केहि थाहा नभएको भूकम्प पीडितहरूले गुनासो गरेका छन् । सार्वजनिक सुनुवाई कार्यक्रममा लाभाग्राही सुचिमा नाम छुटेको भन्दै गुनासा फारम भरेकाहरुले आफूहरूको समस्याको सम्बोधन कहिले हुन्छ ? भनेर प्रश्न राखेका थिए । रातो कार्ड पाएका तर लाभाग्राही सुचिमा नाम समावेश नभएका भूकम्प पीडितहरुले आफूहरुको नाम समावेश गर्न माग गरेका थिए । पुनर्निर्माणमा खटिएका इन्जिनियरहरु नियमित गाउँमा नबस्दा मापदण्ड अनुसारको घर नबनेको स्थानीय टंक वहादुर श्रेष्ठले कार्यक्रममा बताएका थिए । कार्यक्रममा नेकपा माओवादी केन्द्रका नारायण श्रेष्ठले सवै भत्किएका घरहरुलाई अनुदान रकम उपलब्ध गराउन माग गरे ।

शहरी विकास तथा भवन डिभिजन कार्यालयकी असिन्टेन्ट सव-इन्जिनियर रविना खनालले भूकम्पपीडितहरुले सरकारले उपलब्ध गराएको १७ वटा नक्साको अधारमा घर बनाउनुपर्ने बताइन् । इन्जिनियरहरु गाउँमै वसेको पनि उनले दाबी समेत गरिन् ।

कार्यक्रममा सहभागी बोर्लाङका गाविस सचिव मोहन दाहालले गाविसमा पुनर्निर्मणका लागि गाउँमा तीन जना प्राविधिकको टिम खटिएको जानकारी दिएका थिए । नेपाल मानवअधिकार संगठनका दिलबहादुर बस्नेतले सक्षम परिवारले सरकारको मुख ताक्नुभन्दा पनि मापदण्ड अनुसार आफै घर बनाउन सुझाव दिए ।

सहायक प्रमुख जिल्ला अधिकारी नेत्र प्रसाद शर्माले अनुदान रकम पाउन छुटेकाहरुले भरेको गुनासाका सम्बोधन छिट्टै हुने उनले बताए । ‘सबै गुनासाहरु इन्ट्रि गरेर सुझाव सहित पुनर्निर्माण प्राधिकरणमा पठाएका छौं’- शर्माले भने । शर्माले अनुदान पाउनबाट छुटेका भूकम्प पीडितहरु भएमा गुनासा फर्म भरेर पठाउन समेत सुझाव दिए ।’ दोहोरिएर पाएका र अनुदान रकम नपाएकाहरुको विषयमा पनि गुनासो फर्म भर्न उनले निर्देशन दिए ।

बोर्लाङ गाविसका १४ सय ६ जना भूकम्प पीडितहरूको लाभग्राही सुचिमा नाम छ । साथै गाविसका एक सय २७ भुकम्प पीडितहरुले आफ्नो नाम लाभग्राही सुचिमा नाम ननिक्लिएको भन्दै गुनासो फर्म भरेका छन् । मानव अधिकार सञ्जालका अध्यक्ष यदु अधिकारीले जिल्ला भरिका भूकम्प पीडित सुकुम्बासीहरूले घर कहाँ बनाउने भन्ने चिन्तामा रहेको भन्दै चिन्ता जनाए ।

मानव अधिकार सञ्जालका अध्यक्ष यदु अधिकारीको अध्यक्षतामा सम्पन्न सार्वजनिक सुनुवाई कार्यक्रममा महिला मानव अधिकार रक्षक संजालकी सावित्री भट्ट, जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत भूमिनन्द सिंखडा लगायत सहभागी थिए ।

# सस्तो व्यापार मेलामा ‘प्रदेश तारा’ हुने

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ६ मंसिर ।**

पोखराको पृथ्वीचोकस्थित बास्तोल कम्प्लेक्समा आयोजना हुने दोश्रो सस्तो व्यापार मेलामा नवप्रतिभाको खोजी अभियान अन्तर्गत खुल्ला नृत्य प्रतियोगिता (प्रदेश तारा) हुने भएको छ । नयाँ प्रतिभाको खोजी गर्ने उद्देश्यले प्रदेश अन्तर्गत पहिलो नृत्य प्रतियोगिता समावेश गरिएको व्यापार मेलाका संयोजक माधव बस्तोलाले बताए ।

प्रदेश ताराको प्रथमले नगद ३० हजार,द्वितीयले १५ हजार, तृतीयले १० हजार र सान्त्वन हुन सफल दुई जनालाई ५/५ हजार रुपैयाँ प्रदान गरिने संयोजक बाँस्तोलाले सोमबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिए । प्रदेश तारामा सोमबारसम्म ३० जनाले नाम दर्ता गरेको र मंसिर आठ गतेसम्म दर्ता समय रहेकाले अझै बढने बाँस्तोलाले बताए ।

कम्प्लेक्समा मंसिर ९ गतेदेखि १५ गतेसम्म सस्तो व्यापार मेला आयोजना हुदैछ । कम्प्लेक्स शुभारम्भ एवं दसैंको अवसर पारेर पहिलो सस्तो व्यपार मेला एवं लोक दोहरी धमाका असोज १८ गते देखि २२ गते सम्म भएको थियो। पहिलो मेलाबाट प्राप्त सफलताबाट दोश्रो मेला आयोजना गर्न लागेको उनले बताए । संस्कृतिको माध्यमबाट पोखराको समग्र विकासलाई ध्यान दिँदै यस क्षेत्रमा रहेका विपन्न निम्न आय भएका र नव उद्यमशील उद्यमीहरुको आर्थिक वृद्धि तथा समृद्धिका लागि उत्कृष्ट बजार स्थापित गर्न कम्प्लेक्समा मेला आयोजना गरिएको बास्तोलाले बताए ।

उनका अनुसार विभिन्न जिल्लाहरुमा उत्पादित वस्तुको प्रवर्द्धनका साथै एकै थलोमा वस्तुको पहिचान र सेवालाई उपभोक्ता सम्म पुऱ्याउने, कम्प्लेक्स भित्रको व्यवसायको प्रवर्द्धन, साहित्य कला र संस्कृतिको प्रचारप्रसारका साथै आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धन गर्ने उद्देश्य मेलाको छ । साथै मेलामा स्थानीय तथा घरेलु सामग्रीहरुको प्रचारप्रसार तथा प्रवर्द्धन र कृषि तथा उत्पादित वस्तुको बजारीकरणमा मेलाले सहयोग पुऱ्याउने उनले बताए । मेलाको थप आकर्षणमा मेलामा लोक दोहोरी धमाका, विश्वका विभिन्न ठाउँमा पाइने सबै प्रकारका कुकुरको प्रदर्शनी, हिरादेखि जिरासम्म र नुनदेखि सुन सम्मका सम्पूर्ण सामान एकै थलोमा पाइने र कृषि प्रदर्शनी रहेको छ । ३ करोड लागतमा निर्माण भएको कम्प्लेक्समा ३ सय २० सटर छन् । करिब १८ लाख खर्च लाग्ने अनुमान गरिएको मेलाको १ लाख दर्शकले अवलोकन गर्ने अनुमान गरिएको छ । मेला अवधिमा कम्प्लेक्स भित्रका पसलमा सामान खरिद गर्दा विशेष छुटको व्यवस्था गरिएको छ ।बास्तोला कम्प्लेक्स माधव बास्तोला, बलराम बास्तोल, उमराज बास्तोला र बाबुराम आचर्याले सञ्चालनमा ल्याएका हुन् । कम्प्लेक्समा वाइफाइ र सिसि क्यामेराको व्यवस्था, पर्याप्त पार्किङको सुविधा लगायतका विशेषता छन् । पत्रकार सम्मेलनको संचालन नेत्रपाणी बास्तोलाले गरेका थिए ।

# संविधान संशोधनबारे तीन दलबीच चर्काचर्की

**गोल्डेन न्यूज संवाददाता**
**काठमाडौं ६ मंसिर ।**

संविधान संशोधनको विषयमा सहमति जुटाउनका लागि बसेको शीर्ष तीन दलको बैठकमा सहमति जुट्न सकेन । प्रधानमन्त्री पुष्पकमल दाहालको आह्वानमा सोमबार साँझ प्रधानमन्त्री निवास बालुवाटारमा बसेको बैठक अरोप प्रत्यारोपमा सकिएको हो ।

बैठकबाट बाहिरिँदै एमाले नेता भीम रावलले एमालेले संशोधन प्रस्ताव कुनै पनि हालतमा स्वीकार गर्न नसक्ने बताए । ‘सरकारले प्रस्ताव ल्यायो भने देश विखण्डन हुन्छ । राष्ट्रियताको हिसाबले, अखण्डताको हिसाबले पनि यो संशोधन प्रस्ताव स्वीकार गर्न सकिँदैन,’ उनले भने । नेता रावलले चुनाव गराउने बेला सरकारले अनावश्यक रुपमा संशोधनको बखेडा झिकेको आरोप लगाए । संविधान संशोधन स्वीकार गर्न नमानेपछि प्रधानमन्त्री दाहालले बैठकमा एमाले नेताहरुले अहंकार प्रस्तुत गरेको बताएका थिए । ‘नेपाली कांग्रेस, मधेसवादी दल सबैले यो कुरा मानिरहँदा एमालेले किन बखेडा झिकिरहेको छ ?,’ प्रधानमन्त्रीले भनेका थिए ।

नेता रावलले भने, ‘यो अहंकार कसरी हुन्छ ? यो चार बुँदे संशोधन प्रस्तावलाई मधेसवादी दलले पनि मान्दैनौ भनिरहेका छन् । यसअघि पनि संशोधन प्रस्ताव दर्ता भएकै हो । त्यति बेला कांग्रेस र माओवादीले संशोधन प्रस्ताव दर्ता भए समस्या समाधान हुन्छ भनेका थिए ।’ यसअघि संशोधन गर्दा पनि समस्या समाधान नभएको र अहिले पनि समस्या समाधान नहुने उनको तर्क थियो । रावलले आफूहरुले पटक-पटक प्रधानमन्त्रीलाई संशोधन प्रस्ताव दर्ता नगराउन भनेर सुझाव दिएको र त्यो आए विरोध गरिने बताए ।

माओवादी केन्द्रका नेता वर्षमान पुनले आजको बैठकमा एमालले अहंकार र दम्भ देखाएको टिप्पणी गरे । ‘एमालेलाई हामी बाहेक कुनै दल छैन । हामीले जे गर्छौं त्यही हुन्छ भन्ने जसरी प्रस्तुत भयो,’ उनले भने ।

उनले एमाले आफ्नो पूर्ववत सहमतिबाट पछि हटेकोमा पनि आश्चर्य व्यक्त गरे । ‘तीन दलको बैठक हुँदा, प्रधानमन्त्री र अध्यक्ष ओलीबीच कुरा हुँदा संविधान संशोधन गर्नुपर्छ भनेर तयार हुनुहुन्थयो । संशोधन गरेर चुनावमा जानुपर्छ भन्नुहुन्थ्यो । तर आजको बैठकमा एकदमै पछाडी हटेर संशोधन हुनै हुँदैन भनेर भन्नुभयो,’ उनले भने ।

एमालले पनि संशोधन हुनुपर्छ भनेको र कन्टेन्टमा केही आपत्ति रहेको कारण आजको बैठकमा त्यसै विषयमा छलफल हुने कुरा रहेको तर एमालेले आज आएर एक्कासी कुनै पनि हालतमा संशोधन हुनुहुँदैन भनेर भनेर आफूहरुलाई स्तब्ध बनाएको पुनले बताए ।

‘एमाले जिम्मेवारी पार्टी हो । हामी अझै पनि कुरा गर्छौं,’ पुनले भने । गृहमन्त्री विमलेन्द्र निधिले एमालेले नमाने पनि संशोधन प्रस्ताव दर्ता हुने जानकारी दिए ।

भोलि वा पर्सी आन्दोलनरत मधेसी मोर्चा र संघीय गठबन्धन सँग सल्लाह गरेर संशोधन प्रस्ताव दर्ता हुने नेताहरुले जानकारी दिए ।

बैठकमा प्रधानमन्त्री तथा ने.क.पा. (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, ने.क.पा. (एमाले) का अध्यक्ष केपी शर्मा ओलीसहित उपप्रधान एवं गृहमन्त्री बिमलेन्द्र निधि, उपप्रधान एवं अर्थमन्त्री कृष्णबहादुर महरा, एमालेबाट माधवकुमार नेपाल, बामदेव गौतम, सुवासचन्द्र नेम्वाङ, माओवादी केन्द्रबाट नारायणकाजी श्रेष्ठ, राम बहादुर थापा बादल, वर्षामान पुन लगायतका नेताहरु सहभागी थिए ।

# पोखरामा ‘वाइल्ड रिपर्ज’को प्रस्तुति हुने

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ६ मंसिर ।**

भारतीय टेलिभिजन रियालिटि शो डान्स प्लसबाट चर्चित भएको नृत्य समूह ‘वाइल्ड रिपर्ज’ले पोखरामा प्रस्तुति दिने भएको छ । आगामी मंसिरको १८ गते शनिबार यो समूहले मालेपाटनको फुटबल मैदानमा आफ्नो प्रस्तुति दिन लागेको हो ।

आदर्श कला साँस्कृतिक परिवारको आयोजनामा हुन लागेको ‘आदर्श डान्स मास्टर’ नृत्य प्रतियोगिताको फाइनलको अवसरमा यो समूहले प्रस्तुति दिने कार्यक्रमका सँयोजक राजेश खड्काले बताए । नेपाली मुलकै चर्चित भारतीय नृत्य समूह ‘वाइल्ड रिपर्ज’ले पोखरामा प्रस्तुति दिन लागेको यो पहिलोपटक हो । यो समूह ‘डान्स प्लस’ को दोस्रो सिजनमा रनरअप भएको थियो ।

‘नेपालमा यो नृत्य समूहको नृत्य रुचाउने युवा जमात निकै बाक्लो छ र, हामीले पोखरेली युवाको चाहनालाई मध्यनजर गर्दै यो समूहलाई ल्याउन लागेका हौं ।’ सँयोजक खड्काले भने-‘सँगै हाम्रो प्रतियोगिताका फाइनलिस्ट र पोखराका केहि समूहहरुले पनि नृत्य प्रस्तुत गर्नेछन् ।’ सो दिन ‘आदर्श डान्स मास्टर’ नृत्य प्रतियोगिताको फाइनल पनि विशेष रहने उनले बताए ।

‘आदर्श डान्स मास्टर’ नृत्य प्रतियोगिता अन्तर्गत प्रथम हुनेले एउटा फेन्सिङ स्कुटर, दोस्रोले ५० हजार रुपैयाँ र तेस्रोले २५ हजार रुपैयाँ नगद प्राप्त गर्नेछन् । त्यसैगरि प्रतियोगितामा एकजनालाई ‘भ्यूअर्स च्वाइस’ पुरस्कार स्वरुप १० हजार र उत्कृष्ट नृत्य निर्देशकलाई १० हजार रुपैयाँ प्रदान गरिने आयोजकले बताएको छ । प्रतियोगितामा अमन तामाङ र महेश गोदार निर्णायक रहेका छन् । ग्राण्ड फिनालेमा ‘वाइल्ड रिपर्ज’सँगै निर्णायकहरु दुबै जनाको नृत्य प्रस्तुति पनि रहने आयोजकले बताएको छ । त्यस्तै सो दिन सूर्योदय कला केन्द्र र बि टु डिको पनि प्रस्तुति रहनेछ । कार्यक्रमलाई सुरज थापामगर र सुरेन सुशिलले होस्ट गर्नेछन् ।

# एक कलको शुल्क तीन सय रुपैयाँ !

**म्याग्दी ६ मंसिर ।**

एक मिनेट फोन गरेको शुल्क कति लाग्ला ? दुई रुपैयाँ, पाँच रुपैयाँ, १० रुपैयाँ । सुन्दा अचम्म लाग्न सक्छ, म्याग्दीकै एक ठाउँबाट अर्को ठाउँमा फोन गरेको प्रतिमिनेट तीन सय रुपैयाँ शुल्क लाग्छ भन्दा । तर यो वास्तविकता हो । मुदी गाविसमा रहेको धौलागिरि आधार शिविरको भ्रमणमा जाने पदयात्री तथा पर्यटकले फोनमा कुराकानी गर्दा अहिले प्रतिमिनेट तीन सय रुपैयाँ शुल्क तिर्दै आएका छन् । तैपनि पदमार्ग अन्तर्गत इटाली बेसक्याम्पमा लामो समयदेखि होटल व्यवसाय गर्दै आएका हरिप्रसाद तिलिजाले स्याटलाइट फोन जडान गरेपछि मात्रै यो सेवा उपलब्ध भएको हो । त्यहाँ उनले फोनमा कुरा गर्ने विदेशीलाई प्रतिमिनेट रु तीन सय र नेपालीलाई रु दुई सय शुल्क लिने गरेका छन्। स्याटलाइट टेलिफोनमार्फत देशभित्रका जुनसुकै ठाउँमा फोन गर्दा प्रतिमिनेट एक सय ५६ रुपैयाँ शुल्क काट्ने हुँदा आफूले प्रतिमिनेट तीन सयसम्म शुल्क लिने गरेको तिलिजाले बताए । तीन वर्षअगाडि रु एक लाख ४५ हजारमा स्याटलाइट प्रविधिको फोन र १२ हजार पाँच सय रुपैयाँमा विदेशी नंको सिमकार्ड खरिद गरी इटाली बेसक्याम्पमा सञ्चारको पहुँच जोडेको तिलिजाले जानकारी दिए । “यसअगाडि यस क्षेत्रमा कुनै पनि सञ्चार सुविधा थिएन, पदयात्राका क्रममा पर्यटक बिरामी भएमा र लडेर घाइते भएमा समेत सूचना आदान-प्रदानमा निकै कठिन थियो, अहिले स्याटलाइट फोन जडान भएपछि महँगो भए पनि आकस्मिक सेवाका रूपमा पर्यटक र पदयात्रीले प्रयोग गर्ने गरेका छन्,” तिलिजाले भने ।

उक्त स्याटलाइट फोनबाट आकाश खुलेको समयमा धौलागिरि हिमालको आधार शिविर क्षेत्रबाट समेत फोन गर्न सकिन्छ ।

धौलागिरि पदयात्राअन्तर्गत मुदीको बगरसम्म स्काई र सिडिएमए प्रविधिको फोनको सामान्य पहुँच भए पनि त्यहाँदेखि माथि भने सञ्चार सम्पर्क विच्छेद हुने गर्छ । रासस

# परिचयपत्र...

*जानकारी दिए । उनले गरिबको पहिचान गरी परिचयपत्र बनाउने प्रक्रिया सुरु गरिसकिएको जानकारी गराउँदै भने-“सबै तयारी पूरा गरेर परिचय बनाउने कार्य हुँदैछ । अब चाँडै मन्त्रिपरिषद्बाट परिचयपत्र बाँड्ने निर्णय गर्छौं ।” गरिब परिवारको पहिचान गर्न पहिलो चरणमा सरकारले जुम्ला, हुम्ला, मुगु भोजपुर, खोटाङ, सिरहा, सिन्धुली, रामेछाप, रौतहट, गोरखा, तनहुँ, बाग्लुङ, बाजुरा र बझाङ जिल्लामा गई सर्वेक्षण गरेको थियो । यसैगरी गोरखा, अर्घाखाँची, प्युठान, रोल्पा, रुकुम, बर्दिया, जाजरकोट, डोल्पा, कालीकोट, कैलाली र कपिलवस्तुमा पनि सर्वेक्षण गरिएको थियो ।*

# पोखरामा कौह्रा प्रतियोगिताको तयारी तीव्र

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ६ मंसिर ।**

नेपाल मगर संघ कास्कीको आयोजनामा यही मंसिर १८ गते हुने अन्तर एकाइ कौह्रा प्रतियोगिताको तयारी तीव्र बनाइएको छ । प्रतियोगितामा नेपाल मगर संघ कास्की अन्तर्गतका विभिन्न एकाइहरूको सहभागिता रहनेछ । पोखरा सभागृहमा हुने कौह्रा प्रतियोगिताको तयारी तीव्र पारिएको आयोजक संस्थाका अध्यक्ष पूर्णबहादुर रानामगरले गोल्डेन न्यूज दैनिकलाई जानकारी दिए । ‘मगर जातिको सांस्कृतिक पहिचानका रूपमा रहेको कौह्रा संरक्षणका लागि हामीले प्रतियोगिताको आयोजना गरेका हौं’, रानामगरले भने-‘सँगै कौह्राको मौलिकतालाई जोगाइराख्न पनि प्रतियोगिता महत्वपूर्ण बन्ने हाम्रो विश्वास छ ।’ कौह्रा प्रतियोगिताले नयाँ पुस्तामा कौह्रा नृत्यप्रति रुचि बढाउने अध्यक्ष रानामगरको भनाइ छ । प्रतियोगिताको प्रथम पुरस्कार ३० हजार, द्वितीय पुरस्कार २० हजार, तृतीय पुरस्कार १० हजार र सान्त्वना पुरस्कार ५ हजार रुपैयाँ रहेको छ भने उत्कृष्ट भेषभूषाका लागि पनि पुरस्कारको व्यवस्था गरिएको कोषाध्यक्ष कुमार थापामगरले जानकारी दिए। यसअघि, गत वर्ष नेपाल मगर संघ नयाँबजार एकाइ समिति, पोखराले नेपाल मगर संघ अन्तर एकाइ कौह्रा प्रतियोगिताको आयोजना गरेको थियो ।

अनेक समस्या सफल उपचार

ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।

यौन समस्या:- सिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।

हामीकहाँ पियार एलोभेरा जुस पाइन्छ ।

महिला सम्वन्धि समस्या

महिनामारी गडवढी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट ढाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वोदिक पद्दतिबाट सफल उपचार ।

जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने

सुन्दरता:- कालो चायाँ पोतो, डण्डिफोर, दाग धब्बा, मखिया, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।

दुब्लो पातलो शरिरको तौल बढाउने साथै मोटो पन घटाउने ।।

थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पिनास, पाइल्स, दम साथै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दु:खाई ठिक पार्ने मसाज तेल ।

शितल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र

फ्रि होम डेलिभरि

फोन नं.०६१-५३१८६७, ०६-१२२९९९८, मो. ९८४६१३७४१८

विदेश जानेहरुका लागि सुवर्ण अवसर

Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin दुवई र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

हाम्रा विशेषताहरू :- तयारी कक्षा धमाधम चलिरहेको छ ।

❖शतप्रतिशत उत्तीर्ण गराउन सफल ❖आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराईने ।
❖१ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल

सम्पर्क | फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचोकबाट २०० मिटर तल (स्याङ्जा जाने बाटो)
होटल दिपमाला संगै
फोन:०६१-५५०२५२, मो. ९८४६०४१४९२

“रंगहरूको अन्तिम गन्तव्य”

आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल

योर्स ट्रेड कन्सर्न

एशियन पेन्टस्, रोयल ईस्पायराका साथै सिपेजको समस्या सावधान , वाटर प्रुफिङ गरिन्छ ।

फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१

अमरसिंहचोक, पोखरा, कास्की

डिलर: एशियन पेन्ट

नेपालमा सर्वाधिक रूचाईएको पेन्ट

सेक्युरिटी गार्डमा वैदेशिक रोजगारमा जानको लागि तालिमको सुवर्ण अवसर

Abudhadi को Spark middle Cast Star Skill Force, UAE को DPS, कतारको Group-4, बहराईन, मकाउ लगायतका देशहरुमा सेक्युरिटी गार्डमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको Diplomatic सेक्युरिटी गार्ड तालिम, अंग्रेजी भाषा र अन्तरवार्ताको तयारी कक्षाहरु सञ्चालन भइरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गरि आफ्नो सुनौलो भविष्यको सुनिश्चित गर्नुहोला।

हाम्रो विशेषताहरू :
❖१००% उत्तीर्ण गराउन सफल।
❖छोटो समयमा नै ख्याती प्राप्त गुणस्तरीय तालिम।
❖DPS र PSBD का Objective Questions Answer को प्राक्टिकल र मोडल Questions Answer को अध्ययन गराइने।

सम्पर्क
आर्मोर ग्रुप सेक्यूरिटी सर्भिस एण्ड सप्लायर्स प्रा.लि
पृथ्वीचोकबाट १०० मि. तल एयरपोर्ट जाने बाटोमा
(मुक्तिनाथ विकास बैंकको ठीक अगाडि, पोखरा इलेक्ट्रोनिक्स भवन -तल्लो तलामा)
फोन नं. ०६१-५३०७२४, मो.९८४६३५५३४२,९८०६७०८२४६

पोखरामा पहिलो पटक

यौनवर्द्धक : लिङ्गको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्बल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)
स्तन बढाउन, घटाउन, टाइट गर्न, गुप्ताङ्ग कसिलो बनाउन, पेटको चिरा हटाउन।
केश झर्न रोकी उमार्ने तेल, Hair Building Fibers.
Cuit Face बनाउन रुप अमृत (Inddian), Fair Look
उचाई बढाउन Step Up, Triple Height
तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
थाहै नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउन।
ढाँड तथा जोर्नी दुखाई ठिक पार्न, सन्धी सुधा पेनकिल।

अब Facebook मा www.facebook.com/Pokhara Herbal Home

पोखरा हर्वल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919

फ्रि होम डेलिभरी

आवश्यकता

पुरूष कर्मचारी
संख्या : केही

सम्पर्क
कोशेली प्रकाशन
फोन :०६१-५२०६४४
(बिहान ८ बजेदेखि साँझ ५ बजेसम्म)

खुशीको खबर !



के तपाईलाई लागोभागो भई छेदभेद गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गउडो पार लगाउने देवी हुनुहुन्छ । साथै ढाड दुखेको, वाथ, शुक्री, बाँझोपन हटाउने, ग्याष्ट्रिक,रक्सी छुटाउने औषधि समेत पाइन्छ । *महिनावारी भएको ७ दिन र जूठो परेको १ वर्षपछिमात्र आउने ।*

अकलादेवी चढेकी अधिकारी (मिरुवाचोक प्रतिक्षालय नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६२८५९५९

# पोखरा र लेखनाथका व्यवसायीलाई कर तालिम

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ६ मंसिर ।**

पोखरा उद्योग वाणिज्य संघ र आन्तरिक राजस्व कार्यालय पोखराको आयोजनामा विभिन्न वस्तुगत संघ र व्यवसायीहरु बीच पाँचौं राष्ट्रिय कर दिवस २०७३ का अवसरमा करदाता शिक्षा तथा अन्तर्क्रिया कार्यक्रम आयोजना भयो । आन्तरिक राजस्व कार्यालय पोखराका प्रमुख कर अधिकृत लेखनाथ शर्माको प्रमुख आतिथ्यता रहेको कार्यक्रमको अध्यक्षता संघका वरिष्ठ उपाध्यक्ष रवीन्द्र वहादुर प्रजु र संचालन संघका महासचिव दामु अधिकारीले गरेका थिए ।

कार्यक्रममा सहभागीलाई गर्दै संघका वरिष्ठ उपाध्यक्ष रवीन्द्र वहादुर प्रजुले पोखरामा लगभग ४३ हजार व्यवसायी रहेको र १५ हजार जति मात्र करको दायरामा आएको हुंदा अन्य व्यवसायीहरुलाई पनि करको दायरामा ल्याउन कर कार्यालयका साथै अन्य सम्वन्धित निकायको विशेष कार्यान्वयन भएमा मात्र सम्भव रहेको बताए ।

कार्यक्रममा प्रमुख कर अधिकृत लेखनाथ शर्माले पोखरा उद्योग वाणिज्य संघलाई विशेष धन्यवाद दिदै राजस्व नीति निर्माण, करको दायरा र राजस्व संकलन लाई कार्यान्वयनमा ल्याउन पोखरा उद्योग वाणिज्य संघ जस्तै अन्य सम्वन्धित निकायको सहकार्य समन्वयमा मात्र कर कार्यालयले उत्कृष्ट काम गरेर देखाउन सक्ने बताए । प्यानलाई एउटा राष्ट्रिय अभियानका रुपमा लैजान र सरकारलाई कर तिरी गौरव र शान्तिको अनुभूति गर्नका लागि आवश्यक कार्यक्रमहरुको आयोजना गर्न आन्तरिक राजश्व कार्यालय तयार रहेको उनले बताए ।

उनले घरभाडा कर, व्यवसाय दर्तामा देखिएको समस्या तथा घुमन्ते व्यवसायीहरु करको दायरामा नआउने समस्याको समाधान अहिलेको आवश्यक भएको औंल्याए । आन्तरिक राजस्व कार्यालयका कर अधिकृत हिमबहादुर बस्नेतले करको परिभाषा, करका किसिम जस्ता कर सम्वन्धी सम्पूर्ण बुंदाहरु समेटिएको कार्यपत्र प्रस्तुत गरेका थिए । कर अधिकृत हिमबहादुर वस्नेतले अस्थायी प्यान लिंदा, घर भाडामा वस्दा भाडामा लिने व्यक्तिले नै घर भाडा कर तिर्नुपर्ने, वस्तुको मूल्य मापन लगायतका विषयमा जानकारी गराएका थिए ।

कार्यक्रममा समस्याका साथै खरिद गर्ने सामानको पुरा विल माग्दा नपाइने हुँदा केन्द्रीय लेवलका व्यवसायीहरुसंग पनि अन्तर्क्रिया गर्नुपर्ने जस्ता सुझावहरुका विषयमा छलफल गरिएको थियो ।

कार्यक्रममा कर सम्बन्धी विभिन्न समस्या तथा सुझावहरु राख्ने क्रममा पोखरा उद्योग वाणिज्य संघका कार्यसमिति सदस्य पेमबहादुर भुजेल र डि.वि. भुजेलका साथै अन्य वस्तुगत संघका प्रतिनिधि कृष्णराज पोखरेल, चिन्तामणि बाँस्तोला, भुपेन्द्र गिरी, यमप्रसाद पौडेल, भरतराज पराजुली, युवराज बस्नेतले कर प्रशासन व्यवसायी मैत्री हुनुपर्ने, करको दरभन्दा दायरा बढाउनु पर्नेमा जोड दिएका थिए ।

यसैगरी "गौरबका साथ तिरौ कर संबृद्ध राष्ट्र हाम्रो रहर" भन्ने मूल नाराका साथ पाचौं राष्ट्रिय कर दिवस तथा कर सप्ताह-२०७३ को अवसर पारेर करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सोमवार लेखनाथका उद्योग वाणिज्य संघमा सम्पन्न भएको छ । लेखनाथ उद्योग वाणिज्य संघ र आन्तरिक राजश्व कार्यालय पोखराको संयुक्त आयोजनामा भएको कर शिक्षा कार्यक्रममा पेशा व्यवसाय दर्ता, कर प्रणालीका बारेमा जानकारी दिईएको थियो।

आन्तरिक राजस्व कार्यालय पोखराका कर अधिकृत लेखनाथ शर्माले हामीले तिरेको कर हाम्रै राष्ट्र निर्माणका लागि खर्च हुने हुँदा सवैले कर तिरी सभ्य नागरिक बन्नका लागि आग्रह गर्दैं कर कार्यालय व्यवसायिक मैत्री भएर अगाडि बढ्न तयार रहेको बताए । कार्यक्रममा लेखनाथ उद्योग वाणिज्य संघका सस्थापक अध्यक्ष चन्द्रकृष्ण कर्माचार्य र पूर्व अध्यक्ष सुमन भट्टराईले सवै ब्यवसायीहरुमा कर तिरेर सच्चा नागरिक बन्ने सोचको विकास भइरहेको बताएका थिए ।

लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष लक्ष्मीप्रसाद त्रिपाठीको अध्यक्षतामा भएको कार्यक्रममा कर अधिकृत सुनिलराज देवकोटा, केशरबहादुर थापा र नायव सुब्वा जोतेन्द्र पौडेलले सहजीकरण गर्नका साथै व्यवसायीका जिज्ञासा समाधान गरेका थिए। संघका महासचिव छत्रधर आत्रयले संचालन गरेको कार्यक्रममा धन्यवाद ज्ञापन प्रथम उपाध्यक्ष कृष्णहरि भण्डारीले गरेका थिए ।

यसैबीच गत आर्थिक वर्षमा कर प्रशासन, कर सचेतना, सहभागिता तथा संकलनको अभियानमा संस्थागत तर्फबाट लेखनाथ उद्योग वाणिज्य संघले पुर्‍याएको योगदानको कदर गर्दैं मंगलवार एक कार्यक्रमका बीच आन्तरिक राजश्व कार्यालय पोखराले सम्मान गर्ने कार्यक्रम रहेको छ।

# बास्केटवल उपाधि टप्स र बालकल्याणलाई



**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ६ मंसिर ।**

पोखरामा जारी १४औं जेपी क्रस अन्तरविद्यालय वास्केटवल प्रतियोगिता अर्न्तगत डिफेण्डिङ च्याम्पियन टप्स उच्च माविले छात्रा तर्फ र वालकल्याण उच्च माविले छात्रतर्फ उपाधि जित्न सफल भएका छन् । पोखरा रंगशालाको वास्केटवल कोर्टमा सोमबार भएको छात्रातर्फको फाईनल खेलमा टप्सले माउन्ट अन्नपूर्ण उच्च माविलाई १४ को बिरुद्ध २० स्कोरले पराजित गर्दै यस बर्ष पनि उपाधि रक्षा गर्न सफल भएको हो ।

तेश्रो स्थानको लागि भएको खेलमा मनकामना वोर्डिङ स्कुलले लिटिल स्टेप उच्च माविलाई २२ को बिरुद्ध २७ स्कोरले पराजित गरेको हो । डिफेण्डिङ च्यासम्पियन माउन्ट अन्नपूर्णलाई वालकल्याण उच्च माविले छात्र तर्फको फाईनल खेलमा ४१ को बिरुद्ध ४५ स्कोरले पराजित गर्दै उपाधि जितेको हो ।

तेश्रो स्थानको लागि भएको खेलमा कुमुदिनी होम्स उच्च माविले टप्सलाई ३४ को बिरुद्ध ३८ स्कोरले पराजित गर्‍यो । प्रतियोगितामा उत्कृष्ट खेलाडी छात्रा तर्फ टप्सकी ममता डगौरा र छात्रतर्फ उत्कृष्ट खेलाडी वालकल्याणका ईर्रभिङ गुरुङ घोषित भए । उनीहरुको हौसला स्वरुप राष्ट्रिय खेलाडी तेजेन्द्र पुनले जनहि १ हजार ५ सय रुपैया पुरस्कार दिएका हुन ।

त्यसैगरी मस्ट अफेन्सिप छात्रातर्फ माउण्ट अन्नपूर्णका कृष्णा फगामी, छात्रतर्फ सोहि ईभेन्टमा माउन्ट अन्नपूर्णकै सुमन तिलिजा, मस्ट डिफेन्समा छात्रातर्फ टप्सकी रेम्मा तिवारी, सोहि ईभेण्टमा छात्र तर्फ भने वालकल्याणका अन्जन नेपाल घोषित भए । उनीहरुलाई ट्रफी प्रदान गरीएको थियो । प्रतियोगितामा विजेतालाई १०/१० हजार, उपविजेतालाई ६/६ हजार र तेश्रो हुनेलाई ४/४ हजारको साथमा ट्रफी मेडल प्रमाण पत्र वितरण गरिएको संघका सचिव ध्वज कुमार गुरुङले बताए ।

विजेता खेलाडीहरुको टोलीलाई समाजसेवि तथा प्रतियोगिताका मुख्य प्रायोजक कर्णेल जेपी क्रस, नेपाल ह्याण्डवल संघका अध्यक्ष तेज बहादुर गुरुङ, नेपाल वास्केटवल संघका केन्द्रीय उपाध्यक्ष जुमप्रसाद गुरुङ, कास्की जिल्ला खेलकुद विकास समितिका अध्यक्ष यमबहादुर गुरुङ, सल्लाहकार तथा पोखरा उप-महानगरपालीका कार्यालयका कानुनी अधिकृत नारायण शर्मा, संघ कास्कीका अध्यक्ष नेत्रबहादुर शेनले लगायतले पुरस्कार वितरण गरेका थिए ।

# राप्रपा र राप्रपा नेपालबीच एकता घोषणा

**गोल्डेन न्यूज संवाददाता**
**काठमाडौं ६ मंसिर ।**

मुलुकको राजनीतिमा अनुभवी र पञ्चायती पृष्ठभूमि बोकेकाहरुका राजनीतिक दल राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल र राष्ट्रिय प्रजातन्त्र पार्टीबीच सोमबार औपचारिक एकीकरण भएको छ ।

नेपाल प्रज्ञा-प्रतिष्ठानमा सोमबार आयोजित समारोहमा राप्रपा नेपालका अध्यक्ष कमल थापा र राप्रपाका अध्यक्ष पशुपतिशम्शेर जबरा र पार्टी एकतासम्बन्धी सम्झौतापत्रमा आजै हस्ताक्षर गरेका थिए। एकीकरणपछि पार्टीको नाम राष्ट्रिय प्रजातन्त्र पार्टी रहेको छ भने झन्डामा गाई चिह्न अङ्कित छ । पार्टीको राष्ट्रिय अध्यक्षको जिम्मेवारी पशुपति शम्शेर राणालाई दिइएको छ भने पार्टीको अध्यक्षमा कमल थापा छन्।

मुलुकमा प्रजातन्त्रको पुनर्बहालीपछि २०४७ साल जेठ १५ गते गठन भएको राप्रपा (थापा) र राप्रपा(चन्द) पार्टी पटक पटक विभाजित र एकीकृत भई २०६२ सालमा भने राप्रपाबाट पुनः विभाजन भई राप्रपा नेपालको जन्म भएको थियो । व्यवस्थापिका-संसद्मा अब राप्रपाबाट ३७ जना सांसदले प्रतिनिधित्व गर्नेछन् । संवैधानिक राजतन्त्र अवधारणा बोकेको राप्रपा नेपाल र गणतन्त्रलाई आत्मसात् गरेको राप्रपाले यी दुई दृष्टिकोणमध्ये कसलाई अघि बढाउने भन्ने विषयलाई महाधिवेशनबाट टुङ्ग्याउने छ । पार्टी एकता घोषणासभालाई सम्बोधन गर्दै अध्यक्ष कमल थापाले दुई पार्टीको



एकताले मुलुकको राजनीतिमा बलियो राष्ट्रवादी शक्तिको उदय भएको जिकिर गरे। उनले भने,- मुलुकको राष्ट्रिय राजनीतिमा वैकल्पिक मार्गचित्र र धारका रुपमा राप्रपा रहनेछ । जनताले भरोसा गरेका अनुभवी र साहसिक नेताले कुशल नेतृत्व प्रदान गर्नेछन् ।

**हिन्दूत्व कायमै**

'राष्ट्रियता, प्रजातन्त्र र हिन्दूत्वको धरातलमा समृद्ध नेपाल निर्माण गर्न आधारस्तम्भ बोकेको राप्रपाले राष्ट्रियतालाई सर्वोपरि साध्य, प्रजातन्त्रलाई अपरिहार्य आधार तथा हिन्दूत्वलाई सांस्कृतिक र सामाजिक मूल्यमान्यता अनुरुप अघि बढाउने छ'-राप्रपा संसदीय दलका नेता थापाले भने ।

राप्रपाको एकीकरणले राजनीतिमा नयाँ अध्याय र पार्टीमा नयाँ रक्तसञ्चार भएको बताउँदै उनले भने-'हामीलाई धेरैले बारम्बार हेपेका र उपेक्षा गरेको हुँदा एक पटक पार्टीलाई जुरुक्क उठाउनुपर्ने काममा लाग्न आवश्यक छ, त्यसका लागि नेता तथा कार्यकर्तालाई उच्च मनोबलका साथ काम गर्न निर्देशन दिन्छु ।'

पार्टीका राष्ट्रिय अध्यक्ष राणाले बिग्रँदो राजनीति, खस्कँदो आर्थिक स्थिति, भूकम्पबाट बिचल्लीमा परेका जनताको चाहनाले पार्टी एकतालाई मलजल गरेको बताए । उनले भने-'९५ प्रतिशत हिन्दू बसोबास गर्ने मुलुकको नयाँ संविधानबाट धर्मनिरपेक्ष शब्द हटाउनुपर्छ, हिन्दूधर्म कायम गर्ने कि नगर्ने भन्नेबारे जनमतबाट छिनोफानो हुनुपर्छ, जनमत नगर्ने हो भने राप्रपाले त्यसका लागि हुने आन्दोलनको नेतृत्व गर्नेछ ।'

पूर्वप्रधानमन्त्री एवम् पार्टीका वरिष्ठ नेता लोकेन्द्रबहादुर चन्दले पार्टीको महाधिवेशनलाई आगामी निर्वाचनका लागि आधार तयार गर्ने काममा पनि उपयोग गर्न सक्नुपर्ने बताए।वरिष्ठ नेता डा प्रकाशचन्द्र लोहनीले राष्ट्रियता, प्रजातन्त्र र उदारवादको दृष्टिकोण बोकेको राप्रपाले नेपाल र नेपालीको पहिचान दिने पृथ्वीनारायण शाहको योगदानको कदर गर्दै धर्मनिरपेक्षताका नाममा हिन्दू र बौद्ध धर्म तथा सभ्यतालाई ध्वस्त बनाउने षड्यन्त्रलाई रोक्न आवश्यक रहेको धारणा व्यक्त गरे।

अर्का वरिष्ठ नेता विश्वबन्धु थापाले प्रजातन्त्र भनेको अरुको सम्मान हो भन्ने पक्षलाई बुझेर नाम मात्र मिलेर हुँदैन काम र मन मिल्नुपर्छ भन्ने भावना सबै नेता तथा कार्यकर्तामा देखियोस् भने। सो अवसरमा नेता बुद्धिमान तामाङ, राजीव पराजुली, दीपक बोहरा, मोहन यादव, कुन्तीकुमारी शाही, धवलशम्शेर राणालगायतले नेताको बुद्धिमता, जनताको चाहना र कार्यकर्ताको दबाबमा पार्टी एकतालाई सम्भव बनाएको धारणा राखे।

नेता तथा कार्यकर्ताको खचाखच उपस्थितिका कारण प्रज्ञा भवनको परिसरमा एकता घोषणाको प्रत्यक्ष अवलोकन गर्ने व्यवस्था मिलाइएको थियो । सो अवसरमा पार्टी नेत्री मीरा राणाले राष्ट्रिय गीत प्रस्तुत गरेका थिए।

# स्टेप वाइ स्टेप उमाविमा खेलकूद प्रतियोगिता

**पोखरा ६ मंसिर ।(गोल्डेन)**

पोखराको मासबारस्थित स्टेप वाई स्टेप उच्च मा.वि.को वार्षिक कार्यतालिका अनुसार वार्षिक खेलकुद प्रतियोगिता सोमबार आरम्भ भएको छ । त्रिदिवसीय खेलकुद प्रतियोगितामा विद्यालयका कक्षा नर्सरीदेखि कक्षा १२ सम्मका छात्रछात्राहरूको सहभागिता रहने छ । खेलकुद प्रतियोगिताको उद्घाटन विशेष कार्यक्रमबीच प्रमुख अतिथि अञ्चल प्रहरी कार्यालय पोखराका प्रहरी नायव उपरीक्षक डिल्लीराज पन्तले विद्यालयका खेल शिक्षकलाई फुटबल हस्तान्तरण गरी गरेका थिए । उद्घाटन कार्यक्रममा प्रमुख अतिथि प्रहरी नायव उपरीक्षक डिल्लीराज पन्तले खेलकुदको फाइदामाथि प्रकाश पार्दै विद्यालयले पढाइका साथै अतिरीक्त खेलकुदमा समेत धेरै महत्व दिएकोमा विद्यालयको प्रशंसा गरे । कार्यक्रममा बोल्दै विद्यालयका संस्थापक प्राचार्य निर्मला बरालले देश विकासको लागि शिक्षा र खेलकुद एक रथका दुई पाङ्ग्रा जस्तै भएकोले विद्यालयले खेलकुदलाई समेत विशेष महत्वका साथ अगाडि बढाएको जानकारी गराए। कार्यक्रममा बोल्दै विद्यालयका संस्थापक संस्थापक निर्देशक रमाकान्त बरालले सम्पूर्ण विद्यार्थीहरूलाई विभिन्न खेलमा मर्यादित तरिकाले अघि बढ्न आग्रह गरे । कार्यक्रमको संचालन विज्ञान विभाग प्रमुख युवराज लामिछानेले गरेका थिए । कार्यक्रममा अञ्चल प्रहरी कार्यालयका प्रहरी निरीक्षक रेशम रेग्मी, प्रहरी निरीक्षक शिवराज ढुङ्गाना, सशस्त्र प्रहरी गुल्मका निमित्त कार्यालय प्रमुख यामनाथ सुबेदी र प्रहरी नायव निरीक्षक राजेन्द्र पौडेलको समेत उपस्थिति रहेको थियो ।

प्रतियोगिताको पहिलो दिन फुटबल, भलिबल, हिसाब दौड, २०० मिटर दौड जस्ता खेलका अतिरिक्त मिठाई दौड, बिस्कुट दौड, बेलुन फुटाई, कुर्सी दौड, तातो आलु जस्ता मनोरञ्जनात्मक खेलहरूको संचालन भएको छ । प्रतियोगितामा खेल शिक्षक विमल गुरुङ्ग, शिक्षकहरू डक्टर थापा, राधाकृष्ण आचार्य, मेघनाथ गिरी, वम बहादुर थापा र निरज मल्लले विभिन्न निर्णायकको भूमिका निर्वाह गरेको विद्यालयका अतिरिक्त क्रियाकलाप इन्चार्ज जगन्नाथ घिमिरेले जानकारी दिए।

# गोरखा कालिका स्टोर्स सिद्धार्थचोकमा

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ६ मंसिर ।**

पोखराको सिर्जनाचोकमा सञ्चालित गोरखा कालिका स्टोर्स सिद्धार्थचोकमा सरेको छ । बिस्तारित सेवा सुविधा सहित स्टोर्स सिद्धार्थचोकमा संचालनमा ल्याइएको सञ्चालक भरत भट्टले जानकारी दिए । सिद्धार्थचोकमा एक रोपनी जग्गामा स्टोर्स फैलिएको छ । करिब २ करोड ५० लाख रुपैयाँ लगानीमा स्टोर्स सञ्चालनमा आएको उनले बताए । सम्पूर्ण प्रकारका खाद्यान्न, गिफ्ट आइटम तथा कस्मेटिक सामान एउटै छानामुनी सस्तो मूल्यमा ग्राहकलाई उपलब्ध गराइरहेको भट्टले जानकारी दिए । स्टोर्समा १५ जनाले रोजगारी पाएका छन् । स्टोर्स सञ्चालनको अवसरमा विशेष छुटमा सामान बिक्री भइरहेको बताइएको छ । मंसिर महिनाभरी ग्राहकलाई छुट प्रदान गरिने उनले बताए । 'सबै बर्गका ग्राहकलाई लक्षित गरी स्टोर्स सञ्चालनमा ल्याइएको हो,' उनले भने-'पूर्ण पारिवारिक वातावरणमा सेवा प्रदान गर्छौं ।' स्टोर्ससँगै भट्टले फास्टफुड रेष्टुरेन्ट संचालनको तयारी गरिरहेका छन् ।

उद्यममा विशेष रुची राख्ने उनले सेवालाई सधैं ग्राहकमैत्री बनाउने धारणा राख्छन् । पोखराका तथा आसपासका ग्राहकहरु स्टोर्समा आएर सपिङ गर्नेमा आफू विश्वस्त रहेको उनले बताए ।

# फेवाताल किनारामा लालुपाते रोपियो

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ६ मंसिर ।**

पोखराको पर्यटकीय केन्द्र फेवाताल किनारामा लालुपातेका १ सय २० विरुवा रोपिएको छ । सामुदायिक प्रहरी सेवा केन्द्र बैदाम तथा सामुदायिक सेवा केन्द्रको आयोजना र डेनियल संस्थाको सहयोगमा लालुपातेका विरुवा रोपिएको हो ।

फेवाताललाई थप सुन्दर बनाउन विरुवा रोपिएको सामुदायिक सेवा केन्द्र बैदामका अध्यक्ष भीम पराजुलीले बताए। 'फेवाताल, माछापुच्छ्रे र लालुपाते यहाँको पहिचान हो, त्यसलाई जोगाउन रोपिएको हो ।' अध्यक्ष पराजुलीले फेवाताललाई अझ आकर्षक बनाउन केन्द्र लागिपरेको बताउँदै बैदामबासी सवैको सहयोग र साथ अपरिहार्य रहेको बताए । विरुवा कोरियान नागरिक डेनियलले उपलब्ध गराएका हुन् । उनले फेवाताल अवलोक गर्न आउनेहरुले जथाभावी फोहोर नफाल्नु भनेर डस्विन समेत फेवा किनारमा राखेका छन् । उनले हल्लनचोक क्षेत्रमा साता ओटा डस्विन उपलब्ध गराएका हुन् । वृक्षारोपण कार्यक्रममा बैदामका आमा समूह, टोलविकास संस्था, राजनीतिक पार्टी, युवा क्लब, सुरक्षा निकाय सबैको उल्लेख्य सहभागिता रहेको थियो । कार्यक्रममा युवा संघ पोखरा ६ बैदामका युवाले १ सय २० खाल्टा खनेर सहयोग गरेका थिए ।

# पोखरा लेडी जेसीसको अध्यक्षमा भूषाल

**पोखरा ६ मंसिर ।(गोल्डेन)**

पोखरामा रहेका महिलाहरुको अग्रणी सामाजिक संस्था पोखरा लेडी जेसीसको २८औं साधारणसभा तथा २३औं अधिवेशन शनिबार पोखरामा सम्पन्न भयो । अधिवेशनले शकुन्तला कोइराला भूषाललाई अध्यक्षमा चयन गरेको छ । भूषाल एसअघि संस्थाकी कार्यकारिणी उपाध्यक्षमा रहेर काम गरेकी थिइन । उनी पोखराको सिबिआरएस संस्थामा कार्यरत रहेकी छन् भने सुगम सहकारी संस्थाको संचालक समितिको सदस्य पदमा रहेकी छन् ।

यस्तै जेसीसको कार्यकारिणी उपाध्यक्षमा शोभालक्ष्मी पौडेल, उपाध्यक्षमा अनिता थापा, योगमाया गुरुङ, भावना न्यौपाने र सविता आचार्यका साथै निर्देशकमा शोभा आचार्य, सम्झना गिरी, सरला लामिछाने र गंगा केसी चयन भएका छन् । संस्थाको सदस्यहरु अध्यक्षले मनोनित गर्ने व्यवस्था छ । नयाँ पदाधिकारी तथा निर्देशकहरुको कार्यकाल १ वर्षको हुनेछ ।

संस्थाकी अध्यक्ष प्रमिला सुवेदीको अध्यक्षतामा भएको कार्यक्रमको उद्घाटन क्षेत्रीय शिक्षा निर्देशक विष्णु प्रसाद अधिकारीले गरेका थिए ।

कार्यक्रममा पोखरा उप-महानगरपालिकाका कार्यकारी अधिकारी नवराज ढुङ्गाना, पोखरा पर्यटन परिषद्का अध्यक्ष सोम थापा, पोखरा जेसीसका अध्यक्ष गोविन्द प्रसाद देवकोटा, पूर्व अध्यक्ष विष्णु बहादुर थापा, लेखनाथ जेसीसका अध्यक्ष अर्जुन ओझा, महिला सशक्तिकरणकी लक्की कार्की, नेपाल जेसीसका पूर्व अध्यक्ष उत्तर चापागाइँ, पोखरा लेडी जेसीसकी अध्यक्ष सजना महत, कार्यक्रम संयोजक लक्ष्मी अधिकारी, सञ्जिता अधिकारी, सविता गौतम लगायतले बोलेका थिए ।


## कर्मचारी चाहियो

| | |
|---|---|
| कुक | - २ जना |
| रिसेप्सनिष्ट | -२ जना |
| वेटर | - २ जना |
| मार्केटिङ सेल्स | -केही |
| किचन हेल्पर | -२ जना |
| सुरक्षा गार्ड | -२ जना |

अनुभावीलाई विशेष प्राथमिकता दिइनेछ ।

टीका रिसोर्ट, लेकसाइड, पोखरा
फोन : ०६१-४६२०३३, ४६०२३३

Study in Japan
Czech Republic
USA, Australia, Norway

- 100% Visa on previous session, Gap Acceptable & NAT/JLPT not required in **JAPAN** .
- SLC passed can apply .
- Almost all intake **czech Republic** .
- Free Education in **Norway** & **Finland** .
- Help to make all kind of documentation for any Countries .

April Intake

Now Running IELTS, JLPT Classess

ROMAN EMPIRE
Education Foundation
Siddhartha Chowk-4, Chipledhunga, Pokhara (Opp .Rupakot Complex)
Tel .:061-531538, 9846449344, 9803652132

## यौन तथा प्रजनन रोग सम्बन्धी डा. विनोद कुमार मिश्र मात्र १ दिनका लागि पोखरामा

धवन्तरी आयुर्वेद हस्पिटल एण्ड रिसर्च सेन्टर धुमबाराही काठमाडौंमा कार्यरत तथा नेपाल १ टेलिभिजनबाट प्रशारित चर्चित कार्यक्रम रात परेपछिका कार्यक्रम प्रस्तोता डा.विनोद कुमार मिश्र यही मंसिर १२ गते आइतबार मात्र १ दिनका लागि पोखरा आउनुहुने भएकाले समयमै स्वास्थ्य परीक्षण गराई स्वास्थ्य लाभ लिनुहोस्।

पुरुषमा देखिने : शीघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, उत्तेजना नहुने, पुरुष यौनाङ्ग चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष।

महिलाहरुमा देखिने : स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, महिलाको यौनाङ्ग चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, यौन सन्तुष्टिमा कमी हुने, महिनावारीमा गढबढी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डिफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेतो दुवीका साथै अन्य चर्मरोगहरु।

महिला वा पुरुषमा हुने (बाँझोपन) नि:सन्तानको सफल उपचार

मलद्वार सम्बन्धी रोग : पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दु:ख्ने, पोल्ने, दिसासंग रगत बग्ने आदि समस्याको सफल उपचार।

बिरामी जाँच्ने समय : बिहान ९:00 बजेदेखि बेलुकी ५:00 बजेसम्म

माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि
फोन: ०६१-५३९१९४, ९८४६०४११३१, ९८०४१७२५३१
नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/प्रधान सम्पादक गंगाधर पराजुली, निर्देशक हरिमणि बराल, संस्थापक सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा